# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि


वर्ष १३ | अंक १३४ | काठमाडौं | शुक्रबार, १९ भदौ २०८३ | Prabhab National Daily | Friday, 04 September 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# गगनको काउन्टरमा देउवाले तोके मंसिरमा महाधिवेशन

“

महाधिवेशन तयारी समितिका संयोजक डा.शशांक कोइरालालाई महाधिवेशन गर्नका लागि केन्द्रीय निर्वाचन समिति गठन गर्ने अधिकार





■ प्रभाव संवाददाता

**काठमाडौं–** दुईपटक सभापति बनिसकेका कांग्रेस नेता शेरबहादुर देउवाले गगन थापाको काउन्टरमा मंसिरमा महाधिवेशन गर्ने भएको छ। संस्थापन पक्षले पेलेरै महाधिवेशन गर्ने नीति लिएपछि देउवा समूहले पनि महाधिवेशनको मिति तोकेको हो।

बिहीबार मंसिर २१ गतेबाट काठमाडौंमा १५औं महाधिवेशन गर्ने गरी पूर्व सभापति देउवा समूहले मिति तोकेको हो। गत पुसमा भएको विशेष महाधिवेशनबाट गगन सभापति भएपछि देउवा पक्षले पुरानो कार्यसमितिका सबै पदाधिकारी र केन्द्रीय सदस्यलाई वर्तमान समितिमा राख्नुपर्ने माग अघि सारेको थियो। देउवा पक्षले विशेष महाधिवेशन बहिस्कार गरेकोले संस्थापनले उनीहरूको मागमा कुनै सुनुवाई गरेन।

बरु संस्थापनले भदौ २४ गतेदेखि वडा अधिवेशन सुरु गरेर असोज १९ गतेसम्म १५औं महाधिवेशन सम्पन्न गर्ने कार्यतालिका सार्वजनिक गरिसकेको छ। पटकपटक नयाँ दल खोल्ने धम्कीसमेत दिएको देउवा पक्ष पछिल्लोपटक सर्वोच्च अदालतको फैसलाको आशमा थियो। यद्यपि सर्वोच्चले पनि विशेष महाधिवेशनबाट आएको नेतृत्वलाई नै आधिकारिक भएको फैसला गरेपछि देउवा समूहले मंसिर २१, २२ र २३ गते महाधिवेशन गर्ने गरी कार्यतालिका सार्वजनिक गरेको हो।

चुनदेवीस्थित सम्पर्क कार्यालयमा बिहीबार सम्पन्न बैठकले वडादेखि केन्द्रसम्मको अधिवेशनको मिति तय गर्नुका साथै विभिन्न सांगठनिक निर्णयहरू गरेको छ। सार्वजनिक कार्यतालिकाअनुसार, असोज १५ गते वडा अधिवेशन, असोज २० गते पालिका अधिवेशन, असोज २३ गते प्रदेशसभा तथा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन, कात्तिक १५ गते जिल्ला अधिवेशन र मंसिर ४ गते प्रदेश अधिवेशन हुनेछ।

महाधिवेशनलाई व्यवस्थित बनाउन समितिले भदौ १८ गतेभित्र केन्द्रीय निर्वाचन, क्रियाशील सदस्य छानबिन, विधान संशोधन र अनुशासन गरी चार विषयगत समितिहरू गठन गर्ने निर्णय गरेको छ।

यस्तै, भदौ २० गतेभित्र ७७ वटै जिल्लामा केन्द्रीय प्रतिनिधिहरू पठाइ २५ गतेसम्ममा जिल्ला अधिवेशन तयारी समिति गठन गरिसक्ने इतर पक्षको योजना छ। बैठकले क्रियाशील सदस्यताको विवाद अन्त्यका लागि क्रियाशील सदस्य छानबिन तथा व्यवस्थापन समितिको निर्णयलाई नै अन्तिम मान्ने निर्णय गरेको छ।

महाधिवेशन तयारी समितिका संयोजक डा.शशांक कोइरालालाई महाधिवेशन गर्नका लागि केन्द्रीय निर्वाचन समिति गठन गर्ने अधिकार दिने निर्णय गरेको छ। १४औं महाधिवेशनका सहमहामन्त्री उमाकान्त चौधरीको प्रस्तावलाई बैठकले पारित गरेको छ।

बैठकपछि सचिवालय समन्वय समितिका संयोजक दीपकप्रसाद कुईकेलद्वारा जारी प्रेस विज्ञप्तिअनुसार क्रियाशील सदस्य छानबिन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय पनि भएको छ। शशांकलाई विधान संशोधन समिति, अनुशासन समितिहरू आवश्यक परामर्श गरि गठन गर्ने जिम्मेवारी प्रदान गर्ने निर्णय भएको विज्ञप्तिमा उल्लेख छ।

⏭ क्रमशः पृष्ठ २ मा

# फोनको प्रतीक्षामा बेपत्ताका परिवार

- बाढीले दावाफिन्जो तामाङका छोराबुहारी, नाती-नातिना, छोरी र ज्वाइँ बगाएको छ। छोराबुहारी स्याफ्रुबेंसीको चौर नजिकको खेतमा पुरिएको हुन सक्ने आशंका छ। तर, त्यहाँ पुगेर हेर्ने साहस छैन।
- रसुवा कालिका-२ घुम्ती बजारकी ज्ञानु तामाङको परिवारमा पनि बाढीले ठूलो बज्रपात गरेको छ। उनका भान्जाहरु निरज मोक्तान र प्रिन्स तामाङ, भाइ सोमबहादुर थिङ तथा छोराहरु साजन गोले, अनिश गोले र विशाल श्रेष्ठ बाढीमा परेका छन्। छोरी किप्पा मोक्तानलाई पनि बाढीले बगाएको छ।
- परिवारहरु अहिले एउटा फोनको प्रतीक्षामा छन्। कतैबाट आफन्त भेटिएको खबर आउला भन्ने आशा उनीहरुले छोडेका छैनन्। तर प्रत्येक बित्दो दिनसँगै त्यो आशा कमजोर बन्दै गएको छ



**भदौ १० गते रसुवा भोटेकोशीमा आएको बाढीले क्षतिग्रस्त नुकावोटको देवीघाट बजारमा हिलोले पुरेको घरबाट सामान झिक्दै स्थानीय।**
*तस्बिर : चन्द्रकला क्षेत्री/रासस*

■ जेबी योञ्जन

**रसुवा–** ‘खोज्न जाने कोही छैन। म बुढो कहाँ जानु ?’ बुढेसकालले छोएका दावाफिन्जो तामाङले सुस्केरा हाल्दै यति भनिरहँदा उनका आँखा आँसुले भिज्यो।

भोटेकोशीमा आएको भीषण बाढीले १० भदौमा उनको परिवारलाई एकैपटक बगाएर बेपत्ता बनाएको छ। छोरा, बुहारी, नाती-नातिना, छोरी र ज्वाइँको खोजीमा जान नसक्ने अवस्थाले उनीभित्रको पीडा झन गहिरिएको छ। रसुवाको सानोभार्कुस्थित उनको घरमा पुग्दा तामाङ पुर्पुरोमा हात राखेर टोलाइरहेका भेटिए। स्याफ्रुबेंसीमा होटल सञ्चालन गरेर बस्ने उनका परिवारका सदस्यहरू बाढीमा परेको खबर उनले घटना भएको करिब डेढ घण्टापछि मात्रै थाहा पाए।

बुढेसकालमा उनले भोग्नुपरेको पीडाको भारी असह्य छ। राष्ट्रिय पञ्चायतका पूर्वउपाध्यक्षसमेत रहेका तामाङले जीवनमा धेरै उतारचढाव देखे। तर, आफ्नै सन्तानको अवस्था थाहा नपाएर बस्नुपर्ला भन्ने कल्पना उनले गरेका थिएनन्। ‘म मेरो छोराबुहारी र छोरी-ज्वाइँसहित सबैलाई घरिघरि सपनामा देख्छु,’ उनले भने, ‘तर म बुढो र मेरी श्रीमती खोज्न जान सक्दैनौं। जाँदा पनि कहाँ जानु ? भोटेकोशीमा बाढी छ।’


विशाल श्रेष्ठ


प्रिन्स तामाङ


किप्पा तामाङ


निरज मोक्तान

बाढीले परिवारका सदस्यलाई कहाँ पुर्‍यायो भन्ने कुनै टुंगो छैन। कसैले शव देखेको खबर ल्याउँछन्, कसैले बगेको ठाउँबारे अनुमान गर्छन्। तर, तामाङका लागि ती सबै कुरा सुन्नु पीडामाथिको अर्को पीडा बनेको छ। उनलाई छोराबुहारी स्याफ्रुबेंसीको चौर नजिकको खेतमा पुरिएको हुन सक्ने आशंका छ। तर, त्यहाँ पुगेर हेर्ने साहस छैन।

‘ज्वाइँ त अलिक तल हुनुहुन्थ्यो, उहाँ त बग्नुभयो,’ तामाङले भने, ‘मेरो छोराबुहारी भाग्दाभाग्दै खेतमा पुरिएको भन्ने सुनिएको छ। म त्यहाँ जान सकेको छैन।’ भोटेकोशी र त्रिशूली नदीको बाढीले बगाएकाहरूको शव चितवन, काठमाडौंलगायत विभिन्न ठाउँमा माटोमा पुरिएको खबर पनि उनले सुनेका छन्।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# मलेसिया सिण्डिकेटको विषयमा संघले गरायो रास्वपा सभापति लामिछानेको ध्यानाकर्षण

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई भेटेर मलेसिया रोजगारीमा लागू गर्न लागिएको सिण्डिकेटको विषयमा ध्यानाकर्षण गराएको छ। बिहीबार संघका अध्यक्ष डिकबहादुर खत्रीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले लामिछानेसँग २५ वटा म्यानपावर कम्पनीलाई मात्र मलेसियाको श्रमिक भर्ना प्रक्रियामा संलग्न गराउन खोजिएको विषयलाई गम्भीररूपमा राखेको जनाइएको छ।

मलेसियाले गत अगस्ट २२ बाट फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम (एफडब्ल्युसिएमएस)मार्फत नेपालका २५ वटा व्यवसायीले मात्र श्रमिक पठाउन पाउने भन्दै सूची सार्वजनिक गरेको थियो। हाल मुलुकमा एक हजार २०० भन्दा बढी इजाजतपत्र प्राप्त संस्था रहेका छन्। जसमध्ये साढे ५०० भन्दा बढी व्यवसायीले



मलेसियामा श्रमिक पठाइरहेको बताइन्छ। स्वार्थ समूहले मलेसिया रोजगारीमा सीमित व्यवसायीको एकाधिकार कायम गर्न पटक-पटक प्रयास गरेको विषय पनि सभापति लामिछानेलाई जानकारी गराइएको संघका अध्यक्ष खत्रीले बताए।

भेटमा राज्यले श्रमिक पठाउन इजाजतपत्र दिएका सबै व्यवसायीले समानरूपले काम गर्न पाउने वातावरण सिर्जना हुनुपर्ने माग राखिएको उनले बताए। संघले सभापति लामिछानेसमक्ष यसमा संलग्नहरूको साथै प्रणालीको आधिकारिकता र विश्वसनीयताको छानबिन गर्न आग्रह गरेको उनको भनाइ छ।

⏭ क्रमशः पृष्ठ २ मा

# विभागका कर्मचारीले घुस मागे महानिर्देशकलाई इमेल गर्न आग्रह

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले कार्यालयका कुनै कर्मचारीले घुस मागे जानकारी गराउन भनेको छ। विभागको महानिर्देशमा नवराज ढकाल आएसँगै यस्तो आग्रह गरिएको हो। बिहीबार सूचना जारी गर्दै विभागको नाममा कुनै पनि व्यक्ति या कर्मचारीले अनुचित लेनदेन गर्न खोजे सीधै महानिर्देशकको इमेलमा जानकारी गराउन भनेको छ।

भ्रष्टाचार र अनियमितताविरुद्ध शून्य सहनशीलता भन्दै विभागले कसैले आर्थिक लेनदेन गर्न खोजे दिइएको इमेल ठेगानामा जानकारी गराउन भनेको छ। ‘वैदेशिक रोजगार विभागका कुनै कर्मचारी वा विभागको नाममा कुनै बिचौलियाले गैरकानुनी रकम, घुस, कमिसन वा अन्य आर्थिक लाभ मागेमा वा अनुचित लेनदेन गर्न खोजेमा इमेलमा तत्काल जानकारी गराउनुहुन अनुरोध छ,’ सूचनामा भनिएको छ।

जानकारी दिने व्यक्तिको नाम गोप्य राखिनेसमेत सूचनामा भनिएको छ। प्राप्त जानकारीमाथि गम्भीरपूर्वक अध्ययन गरी दोषिमाथि कारबाहीको प्रक्रिया अगाडि बढाइने जनाइएको छ। ढकालले बुधबारदेखि विभागको महानिर्देशकको जिम्मेवारी सम्हालेका हुन्। विभागमा हुने अनियमितताविरुद्ध ढकाल कडाइका साथ लाग्ने देखिएको छ।


## ‘पीडामा साथ दिनु नै मानवता हो’

आउनुहोस्, भोटेकोशी बाढीप्रभावितको राहत र पुनःस्थापनाका लागि सक्दो सहयोग गरौं !

| प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष | |
|---|---|
| बैंकको नाम | बैंक खाता नम्बर |
| हिमालयन बैंक लिमिटेड ($ डलर खाता) | 01905631210046 |
| स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. | 01013243801<br>02013243801 |
| राष्ट्रिय वाणिज्य बैंक | 1130100003762001<br>1130100000006006 |
| एभरेस्ट बैंक लिमिटेड | 00100105200270<br>00101102200012 |
| नेपाल बैंक लिमिटेड | 00211600510039000003<br>00200100510039000001 |
| ग्लोबल आइएमई बैंक लि. | 00401010000057<br>00411010000005 |
| नबिल बैंक | 1710017505285 |
| कृषि विकास बैंक लि. | 0100201002907014 |
| **प्रधानमन्त्री राहत कोष** | |
| राष्ट्रिय वाणिज्य कोष | 1430100000025006<br>1430100001164001 |

विपद्‌मा राज्यसँगै हामी

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### फोनको प्रतीक्षामा...

यस्तो खबरले उनको मनमा एउटा नयाँ त्रास सिर्जना गरेको छ- कतै आफ्नै सन्तान पनि भेटिएर कसैले नचिनेपछि माटोमुनि गाडिएका त छैनन् । 'कतै मेरो सन्तानहरू पनि गाडिए कि ?' उनले पीडा पोख्दै भने ।

तामाङमात्रै होइनन्, बाढीले रसुवाका धेरै परिवारको संसार उजाड बनाएको छ । कतै एउटै परिवारका धेरै सदस्य बेपत्ता छन् । कतै परिवारको सहारा बनेका दाजुभाइ र दिदीबहिनी हराएका छन् । कतै आफन्तको खोजीमा मानिसहरू नदी किनारदेखि अस्पतालसम्म पुगिरहेका छन् ।

घले दरबार नजिक घर भएका ३२ वर्षीय विशाल घलेले पनि बाढीमा आफ्नी आमाजस्तै दिदी गुमाएका छन् । स्याफ्रुबेंसीमा होटल सञ्चालन गर्ने उनकी दिदी विशालका लागि दिदीमात्र थिइनन् । आमा बितेपछि उनी विशाल र कान्छी बहिनीका लागि आमाको भूमिकामा थिइन् ।

'मलाई भरथेग गर्ने नै दिदी हुनुहुन्थ्यो,' विशालले भावुक हुँदै भने, 'आमा बित्नुभएपछि म र बहिनीका लागि दिदी आमा नै बन्नुभयो ।' दिदीले विशाललाई भविष्यका योजनाबारे पनि सम्झाउने गर्थिन् । स्थानीय राजनीतिमा सक्रिय हुन र वडाध्यक्षको चुनाव लड्न समेत प्रेरित गर्ने उनी अब संसारमा छैनन् ।

'दिदीले मलाई अब वडाध्यक्ष उठ्नु, सहयोग गर्छु भन्नुहुन्थ्यो,' विशालले भने, 'अब त दिदी नै छैन ।' भोटेकोशीमा बाढी आएको खबर पाएपछि विशाल मोटरसाइकल लिएर हतारिँदै घटनास्थल पुगे । आफू कति छिटो मोटरसाइकल चलाएर गएँ भन्ने पनि उनलाई होस् रहेनछ । बाटोमा घुँडाघुँडा हिलोमा डुबेपछि मात्रै उनी झल्यास्स भए ।

'भोटेकोशीमा बाढी आएको थाहा पाएपछि म मोटरसाइकल स्पीडमा कुदाएर गएँ,' उनले भने, 'मलाई थाहा पनि भएन कि कहिले पुगेँ । घुँडाघुँडा हिलोमा डुबेपछि मात्रै झल्यास्स भएँ ।'

घटनास्थलमा पुगेपछि उनले देखेको दृश्य अझै उनको आँखामा ताजै छ । आफ्ना भेनालाई आधा डुबेको अवस्थामा देखे । उनलाई तानेर बाहिर निकाले । भेनाका बुबा पनि घाइते अवस्थामा भेटिए । दुवैलाई उद्धार गरेर काठमाडौंको एक गुम्बामा पठाए । तर, दिदीलाई भने बचाउन सकेनन् । 'भेना आधा डुबेको अवस्थामा देखेँ र तानेर बाहिर ल्याएँ,' उनले भने, 'दिदी त बगिसक्नुभएको रहेछ ।'

दिदीको सम्झनाले विशाललाई घरिघरि सताउँछ । कुरा गर्दागर्दै उनका आँखा रसाउँछन् । फ्रान्समा रहेकी कान्छी बहिनी पनि भिडियो कलमा रुन्छिन् । नेपाल फर्केर आउन चाहन्छिन् । तर, विशालले बहिनीलाई दिएको जवाफ पीडाले भरिएको छ । 'तिमी आउँदा दिदी फर्केर आउने भए आउनु,' उनी भन्छन् ।

यता रसुवाकै कालिका-२ घुम्ती बजारकी ज्ञानु तामाङको परिवारमा पनि बाढीले ठूलो बज्रपात गरेको छ । उनका भान्जाहरू निरज मोक्तान र प्रिन्स तामाङ, भाइ सोमबहादुर थिङ तथा छोराहरू साजन गोले, अनिश गोले र विशाल श्रेष्ठ बाढीमा परेका छन् । छोरी किप्पा मोक्तानलाई पनि बाढीले बगाएको छ । उनीहरूमध्ये धेरैको अहिलेसम्म अत्तोपत्तो छैन ।

निरज, प्रिन्स, सोम, साजन र विशाल चालक थिए । उनीहरू चीनदेखि रसुवागढी हुँदै काठमाडौंसम्म नयाँ गाडी ल्याउने काम गर्थे । तर रसुवागढीबाटै उनीहरू सम्पर्कविहीन भए । परिवारका सदस्यको खोजीमा ज्ञानु र उनका आफन्तहरू नदी किनारदेखि विभिन्न स्थानसम्म पुगेका छन् । उनीहरूले बेत्रावती क्षेत्रमा तीन दिनसम्म खोजे । तर कसैको पत्तो लागेन ।

'हामीले बेत्रावतीमा तीन दिनसम्म खोज्यौं, भेटेनौं,' ज्ञानुले भनिन्, 'त्रिवि शिक्षण अस्पतालमा मानिस हराएको भनेर तस्बिर, नाम, ठेगाना र सम्पर्क व्यक्तिको फोन नम्बर पनि राखेका छौं ।'

परिवारहरू अहिले एउटा फोनको प्रतीक्षामा छन् । कतैबाट आफन्त भेटिएको खबर आउला भन्ने आशा उनीहरूले छोडेका छैनन् । तर प्रत्येक बित्दो दिनसँगै त्यो आशा कमजोर बन्दै गएको छ । कालिका, सानोभार्कु, ठूलोभार्कु, ठाडेलगायत भोटेकोशी र अन्य नदी तटीय क्षेत्रका थुप्रै बस्तीमा बाढीले ठूलो क्षति पुऱ्याएको छ । धेरै घरपरिवार विस्थापित भएका छन् । कतिपयले आफन्त गुमाएका छन् भने कतिपय अझै बेपत्ताको प्रतीक्षामा छन् ।

■■■

### गगनको...

'पन्ध्रौं केन्द्रीय महाधिवेशन तयारी समितिका संयोजक प्रा.डा.शशांक कोइरालालाई महाधिवेशन गर्नका लागि केन्द्रीय निर्वाचन समिति, क्रियाशील सदस्य छानबिन तथा व्यवस्थापन समिति, विधान संशोधन समिति, अनुशासन समितिहरू आवश्यक परामर्श गरि गठन गर्ने जिम्मेवारी प्रदान गर्ने निर्णय भयो,' विज्ञप्तिमा भनिएको छ ।

■■■

### मलेसिया...

जवाफमा लामिछानेले दोषीलाई कानुनबमोजिम कारबाहीको दायरामा ल्याइने प्रतिबद्धता जनाएको उनको भनाइ छ । 'एफडब्ल्युसिएमएसमार्फत २५ व्यवसायीलाई मात्र काम गर्न दिएर अरुलाई प्रक्रियाबाट बाहिर राख्ने प्रयास भएको विषयलाई गम्भीररूपमा उठायौं,' अध्यक्ष खत्रीले भने, 'सभापतिज्यूसँग यो व्यवस्थाको आधिकारिकता, छनोटको मापदण्ड, पारदर्शिता, निष्पक्षता तथा विश्वसनीयतामाथि गम्भीर प्रश्न उठेको विषय राख्यौं । यसको निष्पक्ष छानबिन गरी दोषीव्यक्ति वा संस्थामाथि हदैसम्मको कानुनी कारबाही अघि बढाउन पहल गर्ने प्रतिबद्धता व्यक्त भएको छ ।'

भेटमा संघले वैदेशिक रोजगार क्षेत्रमा एकाधिकार, अस्वस्थ प्रतिस्पर्धा र सीमित समूहको प्रभाव स्थापित हुने कुनै पनि प्रयासले श्रमिक, व्यवसायी तथा दुई देशबीचको श्रम सम्बन्धमासमेत नकारात्मक असर पार्ने स्पष्ट धारणा राखेको जनाइएको छ । श्रमिक भर्ना प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र समान अवसरमा आधारित हुनुपर्ने माग संघको छ ।

सो क्रममा वैदेशिक रोजगार क्षेत्रका अन्य समस्याप्रति पनि सभापति लामिछानेको ध्यानाकर्षण गराउँदै यस क्षेत्रलाई व्यवस्थित, सम्मानित, मर्यादित र श्रमिकमैत्री बनाउन आवश्यक नीतिगत सुधारको पहल गर्न अनुरोध गरिएको जनाइएको छ । संघले नीतिगत सुधारविना यो क्षेत्र सम्मानित र मर्यादित हुन नसक्ने भन्दै यसका लागि सरकारका सरोकारवाला निकायसँग निरन्तर सहकार्य गर्दै आएको पनि अवगत गराएको छ ।

वैदेशिक रोजगार क्षेत्रका विद्यमान समस्या र नीतिगत कमजोरीलाई अविलम्ब सम्बोधन गर्न आवश्यक पहल गरिदिन पनि संघले अनुरोध गरेको अध्यक्ष खत्रीले बताए । श्रमिकको हित, व्यवसायीको समान अधिकार र वैदेशिक रोजगार क्षेत्रको संस्थागत सुधारका लागि राजनीतिक दल, सरकार र सरोकारवाला सबै पक्षबीच सहकार्य आवश्यक रहेको विषयमासमेत छलफल भएको जनाइएको छ ।

# विपद् व्यवस्थापनमा तीनै तहका सरकारबीच सहकार्यमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभा बिहीबारको बैठकको विशेष समयमा सांसदहरूले विपद् व्यवस्थापनमा तीनै तहका सरकारबीच सहकार्य र समन्वय आवश्यक रहेको बताएका छन् । बैठकमा सांसद ज्ञानु पौडेलले रसुवामा आएको बाढीमा परेका व्यक्तिहरूको खोजी, उद्धार र पुनर्स्थापनाजस्ता कार्यमा संघ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने सुझाव दिइन् ।

सांसद बोधनारायण श्रेष्ठले विपद्को सामना गर्न कुनै राजनीतिक दलको पक्षविपक्ष नगरी सामूहिक सहकार्य आवश्यक रहेको बताउँदै जलवायु परिवर्तनको जोखिमबाट जोगिन अन्तर्राष्ट्रिय समुदायमा अपिल गर्न प्रधानमन्त्रीसमक्ष आग्रह गरे ।

सांसद अंकिता ठाकुरले विपद्को व्यवस्थापनसँगै अब सरकारले दीर्घकालीन समाधान र पुनःसंरचनामा काम गर्नुपर्ने बताइन् । सांसद देवराज पाठकले हिमालको संरक्षणमा नेपाललेमात्रै आर्थिक भार सम्हाल्न नसक्ने हुँदा विश्वव्यापीरूपमा हिमाल संरक्षणको कोष बनाउनुपर्ने सुझाव दिए । सांसद चन्दनकुमार सिंहले उद्धार गरी राखिएका होल्डिङ सेन्टरमा मनोपरार्शदाताको व्यवस्था गर्न आवश्यक रहेको बताए ।

सांसद प्रकाश पाठकले विपद्मा सरकारले सम्भव भएसम्मको उद्धार कार्यमा जोड दिएको बताए । सांसद शोभा खनालले उद्धार गरिएका नागरिकको सुरक्षित र व्यवस्थित जीवनयापन गराउने वातावरण सिर्जना गराउन सरकारसमक्ष ध्यानाकर्षण गराए । सांसद परशुराम तामाङले नुवाकोटको त्रिशूली नदीपारिका सर्वसाधारण आधारभूत आवश्यकताबाट समेत वञ्चित भइरहेका बताए । उनले त्रिशूलीपारिका जनतालाई प्रभावकारीरूपमा राहत वितरण गर्नुका साथै होल्डिङ सेन्टरमा रहेकाहरूको स्वास्थ्यमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराए ।

सांसद राधिका रम्तेलले भोटेकोशी नदी प्रभावितका लागि तयार पारिएको होल्डिङ सेटरमा बालबालिका, महिला र पुरुष रहेकाले सो स्थानमा महिला प्रहरी पनि खटाउन अनुरोध गरिन् । सांसद धर्मराज केसीले भोटेकोशी गएको बाढी जलवायु परिवर्तनको कारणले भएकाले पनि जलवायु न्याय र सोको नोक्सान तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्थाका लागि अन्तर्राष्ट्रिय मञ्चमार्फत पहल गर्नुपर्ने माग राखे ।

## साधारणसभा सम्बन्धि सूचना

जिल्ला प्रशासन कार्यालय काठमाडौं (जि.प्र.का.) को २०८३/०४/१८ को निर्णय बमोजिम प्राप्तपत्र अनुसार नेपाल बैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ (FEONA) तदर्थ समितिको २०८३/०४/२२ गते बसेको बैठकले महासंघको १०औं साधारणसभा गर्ने र बैदेशिक रोजगार विभागबाट अभिमुखीकरण तालिम सञ्चालन अनुमती प्रमाणपत्र प्राप्त सबै संस्थाहरु सदस्य संस्थाका रुपमा स्वतः नविकरण गर्ने निर्णयसमेत भएकोले सबै संस्थाहरुबाट शेयर लगत प्रमाणपत्रको प्रती र सोहि बमोजिम प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको नाम तदर्थ समिति संयोजकलाई अग्रिम उपलब्ध गराई तपशिलमा उल्लेखित मिति, स्थान र समयमा हुने १०औं साधारणसभालाई भव्य र सभ्यताका साथ सम्पन्न गर्न उपस्थित भई दिनु हुन सबै व्यवसायीज्यूहरुमा यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपशिल**

**मिति** : २०८३ साल अशोज ३ गते शनिवार
**स्थान** : स्मार्ट क्याफे एण्ड ब्यांक्वेट, धुम्बाराहीचौक रिङ्गरोड, काठमाडौं
**समय** : बिहान ८:०० बजे

टुनुकाजी पौडेल
संयोजक
नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ (FEONA)
तदर्थ समिति, ९८५१०४१८१९

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०४/१६ मा दर्ता भएको **प्रा.लि. नं. २२०१९९** को **डियरवाक ड्रिलिङ् एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा. लि.** को मिति २०८३/०५/१८ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटर: हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/११/१३ मा दर्ता भएको यस **होटल गोर्खाज प्राइभेट लिमिटेड** (प्रा.लि.नं. २०९५०८) कम्पनी यस कार्यालयको मिति २०८३/०५/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**J.K.R. Agrotech Industry Private Limited**
**Belbari-02, Morang**

## Vacancy Announcement

**We are looking for:**

**Requirements**
**Post:** Extraction Technicians 1 person
Both Nepalese and foreigner candidates can apply the post priority will be given to Nepalese
**Qualification:** at least 3 years experience as extraction in extraction plant.
Must have basic knowledge for extraction and chemical All qualified candidates meeting the above criteria must apply email before 20 Sep 2026, salary and working duration will be negotiable as per company rules.
JKR Herbs Distill Extract and Rosin Industries Pvt.Ltd
Janaki : 6 banke.
Email:nepaljkrgroup@gmail.com, Mob 9851016888

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०९/२४ मा दर्ता भएको **प्रा.लि. नं. १८१४९१** को **डाइभर्सन मिडिया प्रा. लि.** को मिति २०८३/०५/१८ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटर: हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

## सार्वजनिक सूचना

यस हिमालयन फ्री रेन्ज प्रा.लि., कम्पनी दर्ता नं.२१०६०७, रजिष्टर्ड कार्यालय काठमाडौं महानगरपालिका-२९ को साधारण सभाको निर्णय तथा प्रचलित कानून बमोजिम कम्पनी खारेजी (लिक्विडेसन) को प्रक्रिया अगाडि बढाइएको हुँदा मिति २०८३।०३।३२ देखि यस कम्पनीको लिक्विडेटरको रुपमा श्री सुबाश विश्वकर्मा नियुक्त भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।
उक्त कम्पनीसँग सम्बन्धित कुनै व्यक्ति, फर्म, संस्था वा निकायको कुनै किसिमको हकदावी, लेनदेन, ऋण, सापटी, बक्यौता वा अन्य दाबी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो दावी पुष्टि हुने आवश्यक प्रमाण तथा कागजातहरु संलग्न गरी यस कम्पनीका लिक्विडेटर समक्ष लिखित रुपमा दावी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
तोकिएको ३५ दिने म्यादभित्र कुनै हकदाबी पेश हुन नआएमा वा प्राप्त दाबीको सम्बन्धमा आवश्यक प्रमाण पेश नभएमा प्रचलित कानून बमोजिम कम्पनीको लिक्विडेसन सम्बन्धी बाँकी प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।
**कम्पनीको नाम : हिमालयन फ्री रेन्ज प्रा.लि.**
**कम्पनी दर्ता नं. : २१०६०७**
**रजिष्टर्ड कार्यालय: काठमाडौं महानगरपालिका -२९**
**लिक्विडेटर : श्री सुबाश विश्वकर्मा, लिक्विडेटरको सम्पर्क नं: ९८५१२१३३२७**
**मिति : २०८३/०५/१८**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८३/०५/१९**

यस कम्पनीको मिति २०८३/०४/२९ को विशेष साधारण सभाको निर्णयबाट यस कम्पनीको नाम **एस गुरू प्रा.लि.** बाट परिवर्तन गरि एस **रिफ्लेक्टीभ प्र्याक्टिस स्कुल प्रा.लि.** गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/१५ को निर्णयले स्विकृति प्रदान गरेको हुँदा साविक नामको कम्पनीको सम्पुर्ण सम्पत्ति दायित्व, कर आदि र कार्यक्रमहरु यसै परिवर्तित कम्पनी एस **रिफ्लेक्टीभ प्र्याक्टिस स्कुल प्रा.लि.** को नामबाट संचालन गरिने जानकारी सहित यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**भागेश्वर सुगर एण्ड केमिकल्स इण्डष्ट्रिज प्रा.लि.**
**पुर्नवास-०२, कञ्चनपुर**

## मूल्य सुची

यस उद्योगबाट उत्पादित मोलासेस **Rectified Spirit** प्रतिलिटर मूल्य रू. १२५/- तथा Extra Neutral Alcohal (ENA) प्रतिलिटर मूल्य रू. १३७/- ले मिति २०८३/०५/१९ देखि बिक्री गरिने भएकोले सबैको जानकारीको लागि यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्तः शुल्क तथा मू.अ.कर समावेश गरिएको छैन ।

## सेन्चुरी इनर्जी लिमिटेड

**का.म.न.पा.वडा नं.९, काठमाडौं**

**आ.व.२०८२/८३ को वार्षिक साधारण सभा सम्बन्धी सूचना !**

*दोस्रो पटक प्रकाशित मिति : २०८३/०५/१९ गते*

आदरणीय शेयरधनी महानुभावहरू,
यस **सेन्चुरी इनर्जी लिमिटेड**को सञ्चालक समितिको मिति २०८२/०५/१३ को बैठकको निर्णयानुसार यस कम्पनीको २०८२/०८३ को **साधारण सभा** निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरूलाई अनिवार्य उपस्थितिको जानकारीको लागि अनुरोध गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :**
मिति : २०८३ साल आश्विन १० गते, शनिबार (तदनुसार २०२६/०९/२६)
स्थान : अनुपम फुडलैण्ड, बत्तीसपुतली, काठमाडौं
समय : बिहानको ८:३० बजे ।

**छलफलका विषयहरू :**
**(क) साधारण प्रस्तावहरू :**
(१) सञ्चालक समितिको अध्यक्षज्यू बाट आ.व.२०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) आ.व.२०८२/०८३ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तसम्मको वित्तीय विवरण, सोही अवधिको वार्षिक विवरणसँग सम्बद्ध अनुसूची छलफल गरी पारित गर्ने बारे ।
३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८३/०८४ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।
**(ख) विशेष प्रस्तावहरू :**
(१) सञ्चालक समितिबाट सिफारिस भए बमोजिम आ.व.२०८२/०८३ मा भएको कम्पनीको मुनाफाबाट कम्पनीको हालको चुक्ता पुँजीको १०.५२६ (कर सहित) प्रतिशत नगद लाभांश वितरण गर्ने ।
(२) कम्पनिको स्वामित्वमा रहेको मोटर साइकल बोलकबोलको प्रक्रिया पूरा गरी बिक्री गर्ने ।
**(ग) विविध ।**
(१) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन तथा कम्पनीको साधारण शेयर जारी गर्ने सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**सञ्चालक समितिको निर्णयानुसार**
**सञ्चालक अध्यक्ष र कम्पनी सचिव**

## बहराइनमा रोजगार

कम्पनी : Salko Management Wll
पूर्व स्वीकृति मिति : २०८३/०५/०५ | LT. No. 347533 | चलानी नं. ६०२६०७११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Ladies) | 0 | 3 | 100 | ४०,१०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office Assistant | 0 | 2 | 150 | ६०,१६३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २६ गते (11th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Government License No. 1180/073/74
**Fine Job Recruitment Pvt. Ltd.**
Budhanilkantha-9, Sukedhara, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163 , web:- www.finejob.com.np

## कतारमा रोजगार

कम्पनी : NEW ALAHAD FACILITTY MANAGEMENT AND CONTRACTING
पूर्व स्वीकृति मिति : २०८३/०५/१७ | LT. No. 347384 | चलानी नं. ६०२६०६६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 3 | 0 | 1500 | ६२,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Hospital | 2 | 2 | 1000 | ४१,७०५ | | | | | | | |
| 3 | Gen Plumber | 3 | 0 | 1200 | ५०,०४५ | | | | | | | |
| 4 | Labourer Road Main | 3 | 0 | 1000 | ४१,७०५ | | | | | | | |
| 5 | Labourer, Road Construction | 5 | 0 | 1000 | ४१,७०५ | | | | | | | |
| 6 | Messenger | 0 | 2 | 1800 | ७५,०६५ | | | | | | | |
| 7 | Office Worker | 0 | 2 | 1800 | ७५,०६५ | | | | | | | |
| 8 | Rock Breaker | 3 | 0 | 1000 | ४१,७०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २६ गते (11th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KALIKA HUMAN RESOURCE PVT LTD**
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281, Pramod : +977 981-8121112
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

## कवेतमा रोजगार

कम्पनी : Rotex Company For General Trading And Contracting/ Ali Salem Abuhadida & Partners
पूर्व स्वीकृति मिति : २०८३/०५/१८ | LT. No. 347509 | चलानी नं. ६०२६०७०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers For Construction | 50 | 0 | 100 | ४९,१२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २६ गते (11th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

## कतारमा रोजगार

कम्पनी : KAFTYRYA WM'SRH T'M AL-SHAY
पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/१८ | LT. No. 338054 | चलानी नं. ६०२५१५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 1 | 0 | 1500 | ६२,५५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 3 | 0 | 1400 | ५८,३८६ | | | | | | | |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ २६ गते (11th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम इजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

## कतारमा रोजगार

कम्पनी : THE HND BEAUTY SALOON
पूर्व स्वीकृति मिति : २०८३/०५/१८ | LT. No. 347542 | चलानी नं. ६०२६०७०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician / Manicurist / Pedicurist / Make up / Hair Stylist / Waxing / Hena | 0 | 1 | 1800 | ७५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २६ गते (11th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Chabahil 07, Kathmandu, Nepal., Tel: +977-01- 5910894
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९

## मलेसियामा रोजगार

कम्पनी : FITSON SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०५/१८ | LT. No. 347278 | चलानी नं. ६०२६०६८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | (Factory/general) Worker | 7 | 10 | 1700 | ६४,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २८ गते (13th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KINGFISHER OVERSEAS PVT.LTD**
श्रम इजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu, Nepal, Contact no.:+977-014112437/014112160
Cell : 9822518721, Email: kingfisheroverseasnepal@gmail.com

## साउदीमा रोजगार

कम्पनी : SULIMAN AHMED AL- KHAMEES SONS LTD. CO.
पूर्व स्वीकृति मिति : २०८३/०१/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१८ | LT. No. 341451 | चलानी नं. ६०२५४७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | 1800 | ७२,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २६ गते (11th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १९०/०५७/०५८
**Nasser International Placement Services Pvt. Ltd.**
Kupondole, Opposite to Kandev Temple, Kathmandu , Phone: + 977-01-4578566 | 4578866,
Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com

# अल्पविकसित देशहरूको मन्त्रीस्तरीय बैठकमा भोटेकोशी बाढीको मुद्दा

**काठमाडौं–** कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले अन्तर्राष्ट्रिय मञ्चमा रसुवाको भोटेकोशी-त्रिशूली क्षेत्रमा गएको विनाशकारी बाढीलाई मुख्य 'एजेण्डा' बनाएकी छन् । उनले टिमोर-लेस्टेको राजधानी दिलीमा आयोजित अल्पविकसित देशहरू (एलडिसी) को मन्त्रीस्तरीय बैठकमा बिहीबार सो विषय उठाएको मन्त्रालयले जनाएको छ ।

यसैगरी, बैठकको 'साइडलाइन'मा मन्त्री चौधरीले विभिन्न उच्चस्तरीय द्विपक्षीय तथा बहुपक्षीय वार्ता गर्दै नेपालको विपद् व्यवस्थापन, पर्वतीय मुद्दा र जलवायु वित्तका लागि अन्तर्राष्ट्रिय समुदायसँग सशक्त 'लबिइङ' सुरु गरेकी छन् । सो अवसरमा आगामी कोप-३१ को सह-आयोजक अस्ट्रेलियाली प्रतिनिधिमण्डलबीच महत्त्वपूर्ण द्विपक्षीय वार्ता सम्पन्न भएको छ । नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरेकी मन्त्री चौधरीसँग अस्ट्रेलिया सरकारका तर्फबाट कोप-३१ वार्ता सचिवालय प्रमुख इन्ग्रिड लुण्डाबर्ग र अनुकूलन तथा हानि-नोक्सानीसम्बन्धी प्रमुख टिसा केली सहभागी थिए ।

द्विपक्षीय वार्ताका क्रममा मन्त्री चौधरीले नेपाल सरकारका तर्फबाट अस्ट्रेलियाली सरकारलाई धन्यवाद ज्ञापन गर्दै विपद्मा केही अस्ट्रेलियाली नागरिकसमेत बेपत्ता भएकामा दुःख व्यक्त गरेकी थिइन् । साथै, उनले बेपत्ताको खोजी तथा उद्धारमा नेपाल सरकार पूर्णरूपमा खटिरहेको जनाकारी गराएकी थिइन् । मन्त्री चौधरीले रसुवाको अपूरणीय आर्थिक तथा गैरआर्थिक क्षति नेपाल एक्लैले सम्हाल्न नसक्ने स्पष्ट पार्दै कोप-३१ को सहअध्यक्षका रूपमा अस्ट्रेलियालाई सहज र अनुदानमा आधारित अनुकूलन वित्त प्रवाहका लागि सहजीकरण गरिदिन आग्रह गरेकी थिइन् ।



साथै, नेपालले हानि तथा नोक्सानी कोष सञ्चालक समितिलाई पठाएको पत्रलाई गम्भीरतापूर्वक लिई कोषबाट चाँडो आर्थिक सहयोग उपलब्ध गराउन मन्त्री चौधरीले ध्यानाकर्षण गराइन् । उनले हिमाल र जलवायु परिवर्तनसम्बन्धी संवादलाई वार्षिकरूपमा निरन्तरता दिन अस्ट्रेलियाको विशेष ध्यानाकर्षण गराइन् ।

यसअघि मन्त्री चौधरीले एलडिसी समूहका अध्यक्ष अडाओसँग विशेष द्विपक्षीय भेटवार्ता गरेकी थिइन् । सो अवसरमा उनले नेपाल सरकारले 'हानि तथा नोक्सानी कोष'बाट तत्काल सहयोग पाउन दिएको औपचारिक निवेदनलाई एलडिसी समूहले साझा एजेण्डाका रूपमा अघि बढाइदिन आग्रह गरेकी थिइन् । *रासस*

## नेपाललाई तत्काल जलवायु न्यायका लागि आर्थिक सहायता उपलब्ध गराउन माग

**काठमाडौं–** रसुवाको भोटेकोशी क्षेत्रमा गएको विनाशकारी बाढी-पहिरोपछि उत्पन्न मानवीय तथा भौतिक संकटलाई सम्बोधन गर्न संयुक्त राष्ट्रसंघीय जलवायु संरचनाअन्तर्गतको 'हानि तथा नोक्सानी कोष' का सञ्चालक समिति (बोर्ड) सदस्यहरूले कोषको आकस्मिक बैठक आह्वान गर्न औपचारिक माग गरेका छन् ।

अफ्रिकी मुलुकहरू, एसिया-प्रशान्त क्षेत्र तथा अल्पविकसित देशहरू (एलडिसी) समूहका १४ जना बोर्ड तथा वैकल्पिक सदस्यहरूले संयुक्त पत्र लेख्दै नेपाललाई तत्काल आर्थिक सहायता उपलब्ध गराउन विशेष बैठकको माग गरेका कृषि, वन तथा पर्यावरण मन्त्रालयले जनाएको छ ।

कोषका सहअध्यक्षहरू तथा कार्यकारी निर्देशकलाई सम्बोधन गर्दै बिहीबार पठाइएको पत्रमा यही भदौ १० गते नेपालमा घटेको अकल्पनीय जलवायुजन्य विपद्ले पुर्‍याएको मानवीय क्षति, विस्थापन तथा ऊर्जा, यातायात र आर्थिक पूर्वाधारको विनाशलाई दृष्टिगत गरी तत्काल स्रोत परिचालन गर्न आग्रह गरिएको छ । यसअघि वनमन्त्री गिता चौधरी र अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले यही भदौ १५ गते कोषलाई पत्र पठाउँदै तत्काल आपत्कालीन सहायताका लागि औपचारिक अपिल गरेका थिए । सोही अपिललाई आधार बनाउँदै विकासशील मुलुकका प्रतिनिधिहरूले नेपालको पक्षमा मत जाहेर गरेका हुन् । *रासस*

## उद्धारका लागि आवश्यक उपकरण र जनशक्ति लैजान पूर्वमन्त्री घिसिङको सुझाव

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री वालेन्द्र शाहले भोटेकोशी बाढीका कारण विभिन्न जलविद्युत् आयोजनाको सुरुङ क्षेत्रमा फसेकाको जतिसक्दो चाँडो उद्धार गरिने बताएका छन् । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङसहितको प्रतिनिधिमण्डलसँगको भेटमा उनले सुरुङमा फसेका व्यक्तिको उद्धारका लागि विज्ञसहितको टोलीले प्रयास जारी राखेको स्पष्ट पारे । 'सुरुङभित्र थुनिएका व्यक्तिको उद्धार कसरी गर्ने भन्ने बारेमा प्रधानमन्त्रीको जिज्ञासा थियो,' प्रधानमन्त्रीसँगको भेटपछि पूर्वऊर्जामन्त्री घिसिङले सञ्चारकर्मीसँग भने, 'फसेका व्यक्तिको उद्धारका लागि सुरुङ क्षेत्रमा आवश्यक उपकरण र जनशक्ति लैजान सुझाव दिएका छौं ।' भेटमा प्रधानमन्त्रीले सुरुङमा फसेका नागरिकको सकुशल उद्धारका लागि सरकारले जस्तोसुकै साधनस्रोत र जनशक्ति परिचाल गर्ने बताएको उनले जानकारी दिए । 'प्रधानमन्त्रीले स्वदेशमै उपलब्ध साधनस्रोत र बाहिरबाट पनि ल्याउनुपर्ने छ भने पनि त्यसलाई तत्काल परिचालन गरिने विश्वास दिलाउनुभएको छ,' घिसिङले भने । अध्यक्ष घिसिङले रसुवा र नुवाकोटका प्रभावित क्षेत्रमा राहत वितरणलाई तीव्र बनाउन सडक सञ्जाल तत्काल पुनःस्थापित गर्नुपर्ने सुझाव दिए । 'स्याफ्रुबेँसीसम्म सडक सञ्जाल पुर्‍याउने र बेलिब्रिज राख्ने भन्नेबारेमा व्यापक छलफल भयो,' उनले भने ।

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५५/०८/१७ मा दर्ता भएको **प्रा.लि. नं. ९५३९** को **घिमिरे तथा सहयोगी प्रा. लि.** को मिति २०८३/०५/१८ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०९/१९ मा दर्ता भएको **प्रा.लि. नं. ३५८५६४** को **जुरिच चायल्डहुड एजुकेसन फाउण्डेसन एण्ड ट्रेनिङ् सेन्टर प्रा. लि.** को मिति २०८३/०५/१८ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयको मिति २०७४/१०/२१ मा दर्ता भएको कम्पनी **अदान रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि. (प्रा. लि. नं. १८३१०९)** नामक कम्पनी दर्ता खारेजी गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीसँग कसैको दिन, दिन, तिर्नु बुझाउनु पर्ने दायित्व भए सप्रमाण हक दावीका लागि ३५ दिनभित्र सम्बन्धित कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा दर्ता नियमानुसार खारेज गरिने छ ।

### मुहान हाईड्रोपावर लिमिटेड

का.म.न.पा.-८ गौशाला, काठमाडौं फोन नं. ९८५११९५०८४, ९७१५१७१७१७
Email: muhanhydropowerlimited@gmail.com

**साधारण सभाको मिति र स्थान परिवर्तन सम्बन्धी सूचना**

मिति २०८३ साल भाद्र १० गते रसुवा, नुवाकोट, धादिङ र आसपासका जिल्लाहरुमा गएको भीषण बाढीका कारण भएको मानवीय क्षति र ठूलो भौतिक पूर्वाधारको विनाशका कारण सिर्जना भएको विषम र आपतकालीन परिस्थितिमा साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावहरूको भौतिक उपस्थिति सम्भव नभएको अवस्थालाई मध्यनजर गर्दै, कम्पनीको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यसअघि २०८३ साल भाद्र २० गते होटल भादगाउँ एण्ड रिसोर्ट लिमिटेड भक्तपुरमा सम्पन्न हुने भनिएको यस कम्पनीको **प्रथम वार्षिक साधारण सभा (AGM) हाललाई स्थगित गरि मिति २०८३ साल अश्विन १० गते शनिबार (२६ सेप्टेम्बर २०२६) दिनको १ बजे यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं महानगरपालिका - ८ गौशलामा हुने** व्यहोरा सम्बन्धित सबैमा सुचित गरिन्छ ।

यस प्राकृतिक विपद्का कारण भएको ठुलो जन धनको क्षति प्रति कम्पनी परिवार गहिरो दुःख व्यक्त गर्दै विपद प्रभावित क्षेत्रका सम्पूर्ण बासिन्दाहरूको सुरक्षा र यथाशीघ्र पुनरुत्थानको कामना गर्दछौं । **संचालक समिति**

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### हकदावी गर्न आउने बारे सूचना

यस कार्यालयमा मिति २०६७/१२/०३) मा दर्ता भएको प्रा.लि नं.८२४१९ को भएका **ग्लोबल ट्रेडिङ्ग एण्ड कन्ट्राक्टीङ्ग प्रा. लि.** नामक कम्पनीको दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ लिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन,२०६३ बमोजिम मिति २०७४/०४/२५ मा **प्रा.लि नं. १७२७०९** म दर्ता भएको **कास टेक्निकल कलेज प्रा.लि** को मिति २०८३/०५/१८ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन,२०६३ दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन वाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्नलिखित लिक्विडेटर कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: अधिवक्ता संजय कुमार शाह**
**(इजाजत पब नं. ३९१) बिजुलीबजार, काठमाडौं**
**सम्पर्क नं.९८४१४४९३३८)**

### बिमालेख हरायो

मिति २०८३/०३/१५ गते काठमाडौं जिल्ला, कपनदेखि चक्रपथसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : उत्सभ गुरुङ**
**बिमालेख नं. १६०००९३९७**
**कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.**
**ठेगाना : कपन, काठमाडौं**
**सम्पर्क नं : ९७४७५१८४६२**

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक १३३ भदौ १८ गते २०८३ मा प्रकाशित **Earth Smart Human Resources Nepal Pvt.ltd.** को Lot No. 339485 को Ramlat Al Batin General Cleaning @ Maintenance- Llc कम्पनीको विज्ञापनमा जम्मा कामदारको पद Helper र जम्मा संख्या ८ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

**चामे गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**चामे, मनाङ**
**गण्डकी प्रदेश, नेपाल**

### बोलपत्र रद्ध तथा पुनः आव्हानको जरुरी सूचना

**सूचना प्रकाशित मितिः २०८३/०५/१९**

चामे गाउँपालिकाको कार्यालय मनाङबाट मिति २०८३/०४/२५ र २०८३/०४/२८ गते २ गोटा योजनाहरूको विभिन्न निर्माण कार्यका लागि विधुतीय खरिद प्रणाली (e-GP System) मार्फत पेश गर्ने गरी आव्हान गरिएका सम्पूर्ण बोलपत्रहरु सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO), केसरमहल काठमाडौ प.सं. सू.प्र. -०८३/०८४, च.नं. MIT/१८२ मिति २०८३/०५/११ गतेको सूचना अनुसार हाल सञ्चालनमा रहेको (e-GP System) मा सुरक्षा जोखिम उच्च रहेको र प्रणाली सुधार/मर्मतसम्भार भईरहेको हुनाले अर्को सूचना जारी नभएसम्म प्रणाली प्रयोग स्थगन गरी हार्डकपी (Hard Copy) मार्फत खरिद प्रकिया अगाडी बढाउन पुनः बोलपत्र आव्हान गरिन्छ ।

**बोलपत्र पेश गर्दा पालना गर्नुपर्ने सर्तहरू:**

- इच्छुक बोलपत्र दाताहरूले बोलपत्र दस्तुर बापतको रकम तोकिएको बैंक खातामा जम्मा गरी सोको सक्कल बैंक भौचर पेश गरी चामे गाउँपालिकाबाट (Bid Document) प्राप्त गर्न सकिनेछ ।
- प्राप्त बोलपत्र कागजातहरु तोकिएको ढाँचामा पूर्ण रूपमा भरी खाममा राखी सिलबन्दीका साथ कार्यालय समय भित्र पेश गर्नु पर्ने छ ।
- बोलपत्र दर्ता तथा पेश अन्तिम मिति र समयः मितिः २०८३/०६/०९ गते दिउँसो १२:०० बजे सम्म, चामे गाउँपालिका मनाङ ।
- बोलपत्र खोलिने मिति र समयः मिति २०८३/०६/०९ दिउसो १:०० बजे सम्म, चामे गाउँपालिका मनाङ ।

**तपसिल:**

| क्र.स | ठेक्का नं. | कार्य विवरण | अनुमानित लागत मु. अ. कर र पि एस सहित | बोलपत्र दस्तुर रु. | बोलपत्र जमानत रु. |
|---|---|---|---|---|---|
| १ | CRM – Works/ 02/083/084 | Construction of the Compound wall and Gate at Chame City Hall | २८,७५,८९७/४८ | ३०००/- | ७२,०००/- |
| २ | CRM – Works/ 03/083/084 | Construction of Helipad Concrete Paving and Wall Construction in Ward No.3 | २८,२३,७१९/४८ | ३०००/- | ७१,०००/- |

**बोलपत्र खरिद र जमानतको लागि विवरण:**

| बोलपत्र खरिदका लागि | बोलपत्र जमानतको लागि |
|---|---|
| बैंकको नामः नेपाल बैंक लिमिटेड चामे मनाङ नेपाल | बैंकको नामः नेपाल बैंक लिमिटेड चामे मनाङ नेपाल |
| कार्यालयको नामः चामे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय चामे मनाङ | कार्यालयको नामः चामे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय चामे मनाङ |
| कार्यालयको कोड नं. ८०१०४४००१ | कार्यालयको कोड नं. ८०१०४४००१ |
| कार्यालय खाता नं. GA 1.1 (12803000001001000001) | कार्यालय खाता नं. 12803000003000000001 |
| राजस्व शिर्षक नं. 14229 | चामे गाउँपालिका GA 3.0 धरौटी खाता |

थप जानकारीको लागि यस पालिकाको पूर्वाधार विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

### साउदीमा रोजगार
कम्पनी : GULF TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/१७ | LT. No. 347221 | चलानी नं. ६०२६०६३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor for Loading & Unloading | 4 | 0 | 1100 | ४४,१९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २६ गते (11th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JBR Associates Pvt. Ltd.**
श्रम ईजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com

### युएइमा रोजगार
कम्पनी : SEATTLE INTERNATIONAL SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०४/०७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०५/१७ | LT. No. 327597 | चलानी नं. ६०२४१४१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 83 | 0 | 1000 | ४१,३४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 27 | 0 | 1500 | ६२,०१० | | | | | | | |
| 3. | Steel Fixer | 31 | 0 | 1500 | ६२,०१० | | | | | | | |

**अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ २५ गते (10th Sep. 2026) मा हुनेछ ।**

नोट : लट नं. 327597 भएको कम्पनी SEATTLE INTERNATIONAL SERVICES कम्पनीको विज्ञापन मिति २०८३ भदौ १८ गते प्रकाशन हुनुपर्नेमा विशेष कारण छुट्न गएकोले आज मिति २०८३ भदौ १९ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YOUNG MANPOWER PVT.LTD.**
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74

### कतारमा रोजगार
कम्पनी : STAR CITY FOR PEST CONTROL AND CLEANING

पूर्व स्वीकृति मिति : २०८२/०९/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१८ | LT. No. 335253 | चलानी नं. ६०२४९०३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 1 | 0 | 2500 | १०४,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 0 | 1 | 1000 | ४१,७०५ | | | | | | | |
| 3. | Supervisor | 1 | 0 | 3000 | १२५,१०० | | | | | | | |
| 4. | Receptionist | 0 | 1 | 1500 | ६२,५५५ | | | | | | | |
| 5. | Driver | 2 | 0 | 1400 | ५८,३८५ | | | | | | | |
| 6. | Cleaning Officers | 2 | 0 | 1000 | ४१,७०५ | | | | | | | |
| 7. | Dry Cleaning Worker | 0 | 3 | 1000 | ४१,७०५ | | | | | | | |
| 8. | Pest Control Technicians | 5 | 0 | 1100 | ४५,८७५ | | | | | | | |
| 9. | Pest Control Technician | 2 | 0 | 1100 | ४५,८७५ | | | | | | | |
| 10. | Male Hospital Cleaner | 2 | 0 | 1000 | ४१,७०५ | | | | | | | |
| 11. | Representative | 1 | 0 | 2200 | ९१,७५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २६ गते (11th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY LINE OVERSEAS PVT. LTD.**
Govt. License 1080/073/74
Badri Colony, Sukedhara-9, Kathmandu, Nepal, Tel: 4379385, E-mail: info@skylineoverseas.com.np

### युएइ/साउदीमा रोजगार
कम्पनी : S K SOLUTIONS FACILITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०८/१६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०५/१८ | LT. No. 334660 | चलानी नं. ६०२४८३४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packers | 97 | 0 | 1000 | ४१,३४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners | 51 | 0 | 1000 | ४१,३४० | | | | | | | |

कम्पनी : S K SOLUTIONS FACILITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०५/१८ | LT. No. 323082 | चलानी नं. ६०२६७०१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helpers/Packers | 14 | 0 | 950 | ३९,२७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAHARAH HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०५/१८ | LT. No. 335550 | चलानी नं. ६०२४९२९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing the shelves worker | 93 | 0 | 1000 | ४०,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ २६ गते (11th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YOUNG MANPOWER PVT.LTD.**
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## ग्यासमाख बढेको मूल्य तुरून्त फिर्ता लेऊ

यतिबेला रसुवा बाढीका कारण देश पीडामा छ । रसुवा बाढीले चीनसँगको मुख्य व्यापारिक नाका त बन्द गरिदियो नै मध्य नेपाल र पश्चिम नेपालबाट काठमाडौं उपत्यका भित्रने ढोकासमेत ठप्प बनेको छ । मधेश र कोशीबाट काठमाडौं पस्ने लाइफलाइन बीपी राजमार्गको अवस्था पनि डरमर्दो छ ।

यता हेटौंडाबाट कुलेखानी हुँदै आउने सडक साँघुरो भएकाले मुश्किलले खाद्यवस्तुदेखि अरु उपभोग्य वस्तु आइपुग्छ । रसुवा बाढीका कारण काठमाडौं अहिले नाकाबन्दीको अवस्थामा छ । चाडबाड नजिकिन लागेको बेला नाकाबन्दीको अवस्थामा पुगेपछि अहिले सर्वसाधारण आत्तिन थालेका छन् । कतै ग्यासको अभाव त हुने हैन ? कतै चामलको अभाव हुने त हैन ? यही आशंकमा हरेक डिपोमा ग्यासको लाइन देखिन थालेको छ । सर्वसाधारण अन्य उपभोग्य वस्तुको जोहो गर्न जुटेका छन् ।

जसले गर्दा बजारको सन्तुलन बिग्रेको छ । ग्यास पाउने आशमा हरेक डिपोमा खाली सिलिन्डर बोकेर उपभोक्ता लाइनमा छन् । कतिले सिलिन्डरमात्र साङ्लोले बाँधेर लाइनमा राखेका छन् । यही मौका छोपेर उद्योगीले भने खाना पकाउने ग्यासको मुल्य बढाएको छ । नेपाल आयल निगमले एलपी ग्यासको मूल्य प्रतिसिलिन्डर २ हजार ६० रूपैयाँ तोकेकोमा ढुवानी भाडा भन्दै उद्योगीले १ सय ५ रूपैयाँ ३८ पैसा बढाएका हुन् ।

विपत्तिले मुलुक नै आक्रान्त बनेको बेला व्यपारीसँग मिलेमतोमा निगमले ग्यासको मूल्य बढाइनु अत्यन्तै गैरजिम्मेवार र आपत्तिजनक कदम हो । आपतमा जनतालाई ठग्न राज्य संयन्त्रबाटै अनुमति ? यो स्वीकार्य हुनै सक्दैन । आयल निगमले ठुलोमात्रमा ग्यास भण्डार गरिराखेको हुन्छ । अहिलेको अवस्थामा पेट्रोलियम पदार्थको मुल्य बढेको पनि छैन । देशभर ग्यासको हाहाकार भएको मौका छोपेर उद्योगीसँगै सरकारले मिलेमतो गरेर मुल्य बढाउनु अन्यायपूर्ण हुन्छ ।

हुन त मुल्य बढाउँदासमेत डिपोहरूले ग्यास निकालेका छैनन् । विभिन्न बाहना बनाएर ग्यास लुकाउने काम व्यापारीहरूले गर्दै आएका छन् । सरकारले यस्ता व्यापारीलाई संरक्षण दिँदै आएको छ । ग्यास व्यापारीहरूले आफ्नो डिपोमा ग्यास नराखी फरकफरक स्थानमा भण्डारण गृह बनाएका हुन्छन् । ती भण्डारण गृह सीमित मानिसहरूलाईमात्र थाह हुन्छ । उच्च पदस्थ व्यक्तिहरू र राज्य शक्तिका व्यक्तिहरूलाई यस्तै स्थानबाट ग्यास आपूर्ति गर्ने परम्परा पुरानै हो । यस्तो अवस्थामा ग्यास लुकाउनु मुख्य अपराध नै हो । तर आफैले कृत्रिम अभाव सिर्जना गरेर यसरी मनपरी मुल्य तोक्नु अपराध हो । यो कदम तुरुन्त फिर्ता गर ।

श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# ‘बेत्रावतीका सेन्सर नै बगाउने बाढीको आकलन सकिएन, अब चीनसँग ‘रियल टाइम’ सूचना प्रणाली बनाउनुपर्छ’



भोटेकोशी नदीमा भदौ १० गते आएको अकल्पनीय बाढीले केही मिनेटमै नदी किनारका बस्ती, सडक, पुल र भौतिक संरचनामा ठूलो क्षति पुऱ्यायो । रसुवाबाट सुरू भएको बाढी त्रिशूली हुँदै नुवाकोट, धादिङ, गोरखालगायतका तटीय क्षेत्रमा फैलिँदा धेरै परिवार विस्थापित भएका छन् भने ठूलो जनधनको क्षति भएको छ । अचानक आएको यो बाढीले एउटा गम्भीर प्रश्न पनि उब्जाएको छ- यति ठूलो विपद्को पूर्वसूचना किन आउन सकेन ? आगामी दिनमा भोटेकोशी र त्रिशूली नदी आसपासको जोखिम कति छ ? बाढीका कारण बनेका ताल अझै फुट्ने अवस्थामा छन् कि छैनन् ? र, यस्ता विपद्बाट भविष्यमा नागरिकलाई कसरी सुरक्षित गर्न सकिन्छ ? प्रस्तुत छ, यिनै विषयमा जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रअन्तर्गत बाढी पूर्वानुमान महाशाखाका बाढीविद् **विनोद पराजुली**सँग *रासस*कर्मी **प्रगति ढकाल**ले गरेको कुराकानीः

**विनोद पराजुली**
**बाढीविद्, बाढी पूर्वानुमान महाशाखा**

**भदौ १० गते हामीले नसोचेको त्यति ठूलो विनाशकारी बाढी आयो । त्यसलाई कतिले हिमजन्य सुनामी पनि भनेर व्याख्या गरेका छन् । बाढी आनुअघि पूर्वसंकेत अलिकति पनि पाउनुभएन ?**

यसको पूर्वसंकेत हामीले पाएनौं । मुख्यतः पूर्वसंकेत पाउनका लागि त्यहाँ जडान गरेका उपकरणहरूले हामीलाई सूचना दिनुपर्ने हुन्छ । रसुवाको सीमा नजिकै एक किलोमिटर जतिमात्रै तल स्वचालित जलमापन केन्द्र राखेका थियौं । बेत्रावतीमा त्यस्तै सेन्सरहरू राखेका थिए । पूर्वसंकेत दिने ती सेन्सरहरू राखेको स्थानभन्दा पनि धेरै अग्लो स्थानसम्म बाढी आयो । सामान्यतया १० मिटर जति माथि सेन्सरहरू जडान गर्छौं । जुन १०० वर्षको रिटर्न पिरियडको फ्लड भन्छौं । १०० वर्षमा फर्किन सक्ने बाढीका लागि ती उपकरणहरू राखिएका हुन्छन् तर यसपटक ती सबै उपकरणहरू एकैचोटी बगाएको अवस्था भयो र हामीले पनि कुनै सूचना पाउन सकेनौं ।

ताल फुट्दै गर्दाको सूचना लिनका लागि हामीसँग कि त त्यो ठाउँमा सिसी क्यामरा अथवा केही ‘रियल टाइममा मनिटरिङ’मा हुनुपर्छ । कि त कुनै पनि भूकम्पको कम्पन मापन भएको सूचनाको आधारमा हामीले निर्णय लिनुपर्छ । अब हामीलाई भूकम्पसम्बन्धी सूचनाको पनि ‘रियल टाइम एक्सेस’ थिएन । फेरि भूकम्पको कम्पन मापन हुँदैमा सबै हिमपहिरो जान्छन् भन्ने पनि छैन । निर्णय लिन अलि कति कठिन छ । भविष्यमा त्योतर्फ काम गर्न सकिन्छ कि भन्ने छ । बाढी जाँदाको अवस्थामा हामीहरूसँग भएको संयन्त्र सबै फेल भयो । एकातिर हाम्रा जलमापन केन्द्र यति ठूलो बाढीका लागि थिएन भन्ने प्रमाणित भएको छ । सीमा नदीमा बाढी मापन गर्ने चीनतर्फ कुनै सेन्सर थियो वा थिएन, त्यो जानकारीमा छैन । उहाँहरूबाट सूचना प्राप्त हुन सकेन । अथवा थियो भने पनि त्यो पनि सुरुमै बगाएको हुनसक्छ किनकि चीनतर्फ पनि ठूलो मानवीय क्षति भएको छ ।

**अघिल्लो वर्ष पनि हिमताल फुटेर भोटेकोशीमा बाढी गयो । त्यसबेला नेपाल–चीन सीमाक्षेत्रमा भएको जलवायुजन्य विपद्सम्बन्धी पूर्वसूचना आदानप्रदान गर्ने भनेर सहमति भएको होइन र ?**

त्यो सहमति औपचारिक सहमति भएको पनि छैन । खाली हामी वार्ताको टेबलमा बस्यौं र छलफल गऱ्यौं । अब हामी यो दिशामा जानुपर्छ भन्ने सहमति भने भयो । अब हामी तथ्यांक आदानप्रदानमा पुग्नुपर्छ । त्योभन्दा अगाडि तथ्यांक संकलनमै काम गर्नुपर्छ । संयुक्त अनुसन्धान हुनुपर्छ । त्यो क्षेत्रमा अध्ययन अनुसन्धान गरेर कहाँ-कहाँ जोखिम छ, कहाँ-कहाँ सेन्सरहरू राख्ने भन्ने कुरा सबै यकिन नगरिकन हामी तथ्यांक आदानप्रदानमा पुग्न सक्दैनौं । हामीलाई जानकारी भएसम्म तिब्बतको यो क्षेत्रमा र नेपालकै पनि क्षेत्रमा, बोर्डर सीमाको क्षेत्रमा त्यस किसिमको तथ्यांक आदानप्रदानमा गर्नका लागि तथ्यांक संकलन अथवा तथ्यांक सर्भेक्षण प्रणाली नै थिएन ।

मलाई लाग्छ कि चीन सरकारसँग तथ्यांक हुन्थ्यो भने हामीलाई प्राप्त हुन सक्थ्यो । अब त्यो तथ्यांक उहाँहरूसँग थियो भने चीनले पनि आफ्नो क्षेत्रको जनसफ्यालाई जोगाउन सक्थ्यो नि । त्यसकारण चीनलाई दोष दिने ठाउँ छैन । तर भविष्यमा नेपाल र चीनले संयुक्त रूपमा कसरी यो किसिमको सर्भेक्षण संयन्त्रलाई विस्तार गर्ने, सिसी क्यामरालगायत जडानलाई विस्तार गर्ने र त्यसको ‘रियल टाइम एक्सेस’ नेपाललाई पनि दिने, ताकि भोलिका दिनमा हामी त्यस्तै विपद् हुँदा समयमै पत्ता पाउन सकौं र हाम्रा नागरिकलाई जोगाउन सकौं भन्ने विषयमा कूटनीतिक पहल गर्न आवश्यक छ ।

**हामीले अझै केही समय अगाडि नै पूर्वसूचना दिन सकेको भए क्षति कम गर्न सकिन्थ्यो कि ? अथवा समयमै सूचना पाएर पनि केही मानिसले त्यसलाई गम्भीर रूपमा नलिँदा क्षति बढेको हो ? यो घटनालाई तपाईंहरूले कसरी हेर्नुभएको छ ?**

त्यसमा दुवै विषय सत्य छन् । पहिलो, हामीले पूर्वसूचना दिएकै स्थानमा पनि बेत्रावती वा सोभन्दा तल क्षति हुन पुग्यो । सूचना पाउँदापाउँदै पनि किन क्षति भयो त भन्दा नागरिकले यो यति ठूलो बाढी हो भनेर आकलन गर्न सक्नुभएन । एकातिर हामीले पनि यति ठूलो बाढी भनेर सूचनामा राखेका थिएनौं । हाम्रो सूचनामा ‘धेरै ठूलो बाढी छ, सुरक्षित ठाउँमा, अग्लो स्थानमा जाऔं’ मात्रै भनेका थियौं तर नागरिकलाई यो बाढी यति ठूलो छ र यसले गाउँबस्ती नै सखाप पार्छ भन्ने लागेन । बाढी त हरेक वर्षजसो आइराखेकै हुन्छ, त्योभन्दा अलि ठूलो होला भन्नेमात्रै सोच्नुभयो जस्तो देखिन्छ ।

अर्कोतर्फ, जति नागरिकले ठूलो बाढी हुनसक्छ भन्ने आकलन गर्नुभयो र आफूलाई सुरक्षित गर्न अग्लो ठाउँमा जानुभयो, उहाँहरू जोगिनुभएको छ । त्यसकारण यसमा नागरिकको केही हेलचेक्र्याइँ पनि मिश्रित छ । यदि हामीसँग योभन्दा केही अगाडि नै सूचना दिनसक्ने अवस्था रहन्थ्यो भने केही बढी नागरिकलाई सुरक्षित गर्न सकिन्थ्यो होला । तर यसको आकलन गर्न नसकेको अवस्था हेर्दा त्यति धेरै नागरिकलाई पहिले नै सूचना दिएको भए पनि जोगाउन सकिने अवस्था थिएनजस्तो देखिन्छ किनभने खासगरी बेत्रावती र विदुरलगायत क्षेत्रमा नागरिकहरूले थाहा पाउँदापाउँदै पनि घर छोडेर नहिँडेको थुप्रै ठाउँ देखियो ।

बाढी बेत्रावती आइपुग्नु अगाडि नै हाम्रो सूचना पुगेको थियो र पनि मानवीय क्षति भयो । त्यहाँ क्षति भएपछि भने तल्लो क्षेत्रका नागरिकहरूले अब सतर्क भएर मात्रै पुग्ने रहेनछ, जोगिनका लागि पहाडै चढ्नुपर्ने रहेछ भन्ने महसुस गर्नुभयो । त्यसपछि धेरै नागरिक घर छोडेर पहाडतिर उक्लिनुभयो र उहाँहरू ज्यान जोगाउन सफल हुनुभयो । केही अगाडि सूचना दिन सकेको भए केही बढी नागरिकलाई जोगाउन सकिन्थ्यो, अवश्य पनि हो । तर पूर्णरूपमा जोगाउन सक्ने अवस्था रहेनछ, किनकि नागरिकले पनि बाढीको वास्तविक जोखिमलाई त्यति आकलन गर्न सक्नुभएन ।

> बाढी जाँदाको अवस्थामा हामीहरूसँग भएको संयन्त्र सबै फेल भयो । एकातिर हाम्रा जलमापन केन्द्र यति ठूलो बाढीका लागि थिएन भन्ने प्रमाणित भएको छ । सीमा नदीमा बाढी मापन गर्ने चीनतर्फ कुनै सेन्सर थियो वा थिएन, त्यो जानकारीमा छैन ।
>
> केही अगाडि सूचना दिन सकेको भए केही बढी नागरिकलाई जोगाउन सकिन्थ्यो, अवश्य पनि हो । तर पूर्णरूपमा जोगाउन सक्ने अवस्था रहेनछ ।
>
> कुनै पनि विपद्को पूर्वसूचनालाई बेवास्ता गर्न नहुने पाठ सिकियो । नागरिकले त्यो सानो होस् वा ठूलो बाढी, आफूलाई सुरक्षित ठाउँमा लैजानैपर्छ ।
>
> जुन बस्ती यो बाढीले डुबायो, बगायो, ती ठाउँमा अब कहिल्यै पनि सुरक्षित छैन । त्यो कुरा चाहिँ स्पष्ट हो । अब बस्ती सग्लो भए पनि पूर्वसूचनामा अद्यावधिक हुँदै बस्न सकिन्छ, नसकिने त होइन । तर पनि त्यहाँ नबस्नका लागि हामी सिफारिस गर्छौं ।
>
> भविष्यमा बस्तीहरूलाई स्थानान्तरण गर्न सकियो भने त्यसले भौतिक र मानवीय दुवै क्षति कम गर्न सहयोग पुऱ्याउँछ । भोटेकोशी बाढीको घटना पछाडिको अत्यन्तै महत्त्वपूर्ण सिकाइ यो पनि हो ।

**यसपटकको बाढीबाट हामीले सिकेको मुख्य पाठ के हो नि ?**

अब यसबाट हामीले सिकेको विषय भनेको कुनै पनि विपद्को पूर्वसूचनालाई बेवास्ता गर्न नहुने पाठ सिकियो । नागरिकले त्यो सानो होस् वा ठूलो बाढी, आफूलाई सुरक्षित ठाउँमा लैजानैपर्छ किनभने सानै बाढीमा पनि सुरक्षित ठाउँमा पुग्दा हामीलाई केही क्षति हुँदैन तर ठूलो बाढी आएको रहेछ भने त क्षतिबाट जोगिन सक्यौं नि । त्यसकारण भविष्यमा हामीले जारी गर्ने कुनै पनि सूचना वा माथिल्लो क्षेत्रबाट नागरिकहरूले पठाउने कुनै पनि सूचनालाई नजरअन्दाज नगरौं । त्यो सूचनामा अति ठूलो बाढी पनि भनिएको हुनसक्छ या नभनिएको पनि हुन सक्छ ।

बाढी आउँदै छ भन्ने सूचना पाउनेबित्तिकै नागरिक नजिकैको अग्लो भूभागतिर जान पहाडी क्षेत्रमा त केही मिनेटको समयमात्रै काफी छ । यो सिकाइ भोटेकोशी बाढीबाट भएको छ । सोही नदीमा र अन्य नदीहरूमा पनि उत्तिकै जोखिमका क्षेत्रहरू छन् । त्यसकारण भविष्यमा देशैभरका हिमाली क्षेत्रबाट बग्ने जति पनि नदीहरू छन्, ती सबै नदीका छेउछाउ बस्ने बासिन्दाहरूले आफूलाई नजिकैको अग्लो सुरक्षित स्थानमा पुऱ्याउनका लागि अगाडि नै तयारी गर्नुपर्छ ।

**कतिपय ठाउँका नागरिकहरू अहिले पनि बाहिरै बस्नुभएको छ । अब उहाँहरू आफ्नो बस्ती सुरक्षित भयो भनेर ढुक्कका साथ कहिलेदेखि घर फर्केर बस्न सक्ने अवस्था आउला ?**

जुन बस्ती यो बाढीले डुबायो, बगायो, ती ठाउँमा अब कहिल्यै पनि सुरक्षित छैन । त्यो कुरा चाहिँ स्पष्ट हो । अब बस्ती सग्लो भए पनि पूर्वसूचनामा अद्यावधिक हुँदै बस्न सकिन्छ, नसकिने त होइन । तर पनि त्यहाँ नबस्नका लागि हामी सिफारिस गर्छौं किनभने भदौ १० गतेको भन्दा ठूलो बाढी जाने सम्भावना पनि छ । जुन बाढी हामीले अहिलेसम्मकै ठूलो बाढी भनेर देख्यौं, योभन्दा ठूलो बाढी पनि सम्भव छ, किनकि ठूला हिमतालहरू अझै पनि उपल्लो क्षेत्रमा छन् । योभन्दा ठूलो हिमपहिरोहरू जानसक्ने सम्भावनाहरू पनि हामी आकलन गर्न सक्छौं ।

अब नागरिकले तत्कालका लागि अर्को व्यवस्था नहुँदासम्म सोही क्षेत्रमा बस्नुपर्ने बाध्यताकाबीच पूर्वसूचना लिँदै बस्नुपर्ने एउटा आवश्यकता देखिन्छ भने दीर्घकालीनरूपमा उहाँहरूले आफ्नो बासस्थान परिवर्तन गर्नुपऱ्यो, सुरक्षित ठाउँमा स्थानान्तरण हुनुपऱ्यो । यो त्यहाँको मात्रै लागि होइन, देशैभरि जति पनि खोलाका छेउछाउ, नदीका छेउछाउका त्यस्ता बस्तीहरू छन्, ती सबैले सोच्नुपर्ने अवस्था छ । ती बस्तीहरूलाई कसरी स्थानान्तरण गर्ने, कहाँ स्थानान्तरण गर्ने र खासगरी विपन्नता भएका थुप्रै नागरिक खोलाका छेउछाउ बसोबास गर्नुहुन्छ, उहाँहरूलाई नयाँ ठाउँमा बसोबासका लागि राज्यले कसरी सहयोग गर्ने ? राज्यले पनि सोच्नुपर्छ ।

हामीले पूर्वसूचना प्रणालीलाई केही विस्तार र विकास गर्नेछौं किनभने बस्तीहरूलाई हामी त्यहाँबाट बाहिर निकाल्न सकौंला, तर जलविद्युत् आयोजना, सिँचाइ आयोजना, सडक, पुलहरू सबै त खोलाकै आसपास हुन्छन् । त्यसैले यात्रा गर्ने यात्रीहरू, आयोजनामा काम गर्ने कामदारहरू, सुरक्षा निकायका व्यक्तिहरू, सबैलाई सुरक्षित गर्नका लागि पूर्वसूचना त फेरि चाहिन्छ नै । नागरिक पनि कृषि कर्म वा अन्य विभिन्न काममा खोलाको छेउछाउ त हुनुहुन्छ ।

भविष्यमा बस्तीहरूलाई स्थानान्तरण गर्न सकियो भने त्यसले भौतिक र मानवीय दुवै क्षति कम गर्न सहयोग पुऱ्याउँछ । बाढीको घटना पछाडिको अत्यन्तै महत्त्वपूर्ण सिकाइ यो पनि हो । यो सिकाइ हामीले विगतका घटनाहरूबाट पनि सिक्दै आएका हौं, तर यो अझ ठूलो विपद् हुँदै गर्दा अझ हामी सुरक्षित ठाउँमा जानुपर्छ भन्ने सिकाइचाहिँ भएको छ ।

**भोटेकोशी बाढीप्रभावित नागरिकहरूलाई के भन्न चाहनुहुन्छ ?**

भोटेकोशी बाढीप्रभावित नागरिकहरूलाई हामी उच्च मनोबलका साथ रहन, कुनै पनि बाढीसम्बन्धी, पहिरोसम्बन्धी अथवा विपद्सम्बन्धी कुनै पनि सूचनासँग अद्यावधिक रहन अनुरोध छ । कतिपय सूचना हामीले जारी नगर्ने तर घटना घट्ने पनि हुन सक्छन् । त्यसैले त्यहाँका स्थानीय नागरिकले त्यो खबर पाउनेबित्तिकै तल्लो क्षेत्रमा रहनुहुनेहरूले प्रवाह गरिदिन पनि अनुरोध गर्दछौं । हामी सबै मिलेर यो विपद्सँग जुध्न कोसिस गऱ्यौं भने जनधनको क्षति कम गर्न सकिन्छ ।



**"गौरा" भित्र्याउँदै ब्रतालु महिला** | सुदूरपश्चिम प्रदेशको मौलिक पहिचान बोकेको गौरा पर्वका अवसरमा बिहीबार धनगढीस्थित बनदेवी मन्दिरमा धार्मिक विधि तथा परम्पराअनुसार 'गौरा' भित्र्याउँदै स्थानीय ब्रतालु महिलाहरू । *तस्बिर: रासस*

भोटेकोशी बाढी

# सहयोगमा जुट्दै मधेस प्रदेश सरकारदेखि नागरिकसम्म

**जनकपुरधाम–** रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत जिल्लाका नागरिकको उद्धार, राहत र पुनःस्थापनाका लागि मधेसका सरकार, स्थानीय तह, राजनीतिक दल, उद्योगी-व्यवसायी, युवा तथा नागरिक समाज एकजुट भएर सहयोगमा जुटेका हुन् ।

यही भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीले जनधनको क्षति पुऱ्याएपछि मधेसका विभिन्न जिल्लामा राहत संकलन अभियान सञ्चालन भइरहेको छ । कतै स्थानीय तहले आफ्नो विपद् कोषबाट रकम उपलब्ध गराएका छन् भने कतै जनप्रतिनिधि र कर्मचारीले आफ्नो सेवा सुविधा तथा तलबबाट रकम कटाएर सहयोग गर्ने निर्णय गरेका छन् । युवा, व्यवसायी र सामाजिक संस्था भने खाद्यान्नलगायत राहत सामग्री संकलनमा सक्रिय भएका छन् ।

मधेस प्रदेश सरकारले बाढीप्रभावितका लागि यसअघि पहिलो चरणमा ५० लाख रूपैयाँ राहत कोषमा पठाइसकेको छ । प्रदेश सरकारले दोस्रो चरणमा रसुवाको भोटेकोशी तथा त्रिशूली नदीमा आएको बाढीबाट प्रभावित नागरिकका लागि एक करोड ६८ लाख रूपैयाँबराबरको आवश्यकताअनुसार टेण्ट र कम्बल उपलब्ध गराउने निर्णय गरेको छ ।

बाढीमा मधेस प्रदेशका नागरिकको मृत्यु भएको भए मृतकका परिवारलाई तत्काल राहतस्वरूप प्रतिमृतक एक लाख रूपैयाँ उपलब्ध गराउने निर्णयसमेत गरिएको प्रदेश सरकारका प्रवक्ता तथा अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए । 'विपद्को समयमा प्रभावित नागरिकको जीवनरक्षा र मानवीय सहायता उपलब्ध गराउनु सरकारको प्रमुख दायित्व हो,' उनले भने, 'आवश्यक सहयोगलाई प्रभावकारी र व्यवस्थितरूपमा अघि बढाउने विषयमा प्रदेश सरकार गम्भीर छ ।'

मधेस प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले बाढीप्रभावित नागरिकको उद्धार र राहतका लागि आफ्नो एक महिनाको तलब सुविधा उपलब्ध गराउने भएको छ । प्रदेश प्रमुख कार्यालयका प्रवक्ता सञ्जिपकुमार दुबेका अनुसार बाढीबाट भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रदेश प्रमुख कर्णले आफ्नो एक महिनाको पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गर्ने छन् ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Permission No. 1676/080/081
INTERPID RECRUITMENT SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Contact Person : 9851405196, 9802368141, Mail: info@interpidhr.com, Web: www.interpidhr.com
INTREPID LEARN ADAPT EVOLVE

**कतारमा रोजगार** कम्पनी : MOHAMMED BIN ABDULLAH CONTRUCATION AND MAINTENANCE GROUP

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 341733 | चलानी नं. ६०२५५०५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Carpenter | 2 | 0 | 1200 | ५०,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Asst. Pipe Fitter/helpers | 2 | 0 | 1200 | ५०,०४५ | | | | | | | |
| 3 | Driver All Vehicles | 4 | 0 | 2200 | ९१,७५० | | | | | | | |
| 4 | Dry Cleaning Labor | 2 | 0 | 1100 | ४५,८७५ | | | | | | | |
| 5 | Foreman | 3 | 0 | 2600 | १०८,४३० | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ५०,०४५ | | | | | | | |
| 7 | Scaffolding Labor | 1 | 0 | 1200 | ५०,०४५ | | | | | | | |
| 8 | Stone Mason Assistant | 2 | 0 | 1200 | ५०,०४५ | | | | | | | |
| 9 | Stone Setting Workers | 2 | 0 | 1500 | ६२,५५५ | | | | | | | |
| 10 | Supervisor | 5 | 0 | 3000 | १२५,११० | | | | | | | |
| 11 | Welder | 3 | 0 | 1200 | ५०,०४५ | | | | | | | |
| 12 | Welder/assistant Welder | 2 | 0 | 1200 | ५०,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २६ गते (11th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GOLDEN GLOW OVERSEAS PVT. LTD. (Sampaanata Overseas Pvt. Ltd.)
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080

**युएइमा रोजगार** कम्पनी : MAHARAT FACILITIES MANAGEMENT SERVICES L.L.C-S.P.C

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१८ | LT. No. 347464 | चलानी नं. ६०२६०६३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Painter | 3 | 0 | 1500 | ६२,०९१ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Building Cleaners | 3 | 0 | 1000 | ४१,३९४ | | | | | | | |
| 3 | STEEL FIXER / BLACKSMITH | 3 | 0 | 1500 | ६२०९१ | | | | | | | |

कम्पनी : HyperSeal Insulation Contracting LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१८ | LT. No. 329315 | चलानी नं. ६०२४३१५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bricklayer/ Mason | 19 | 0 | 1500 | ६२,०९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Carpenter | 24 | 0 | 1500 | ६२,०९१ | | | | | | | |
| 3 | Concrete Mason | 9 | 0 | 1500 | ६२,०९१ | | | | | | | |
| 4 | Foreman | 4 | 0 | 1800 | ७३,९९९ | | | | | | | |
| 5 | Steel Worker | 10 | 0 | 1500 | ६२,०९१ | | | | | | | |
| 6 | Technicians-Waterproof | 15 | 0 | 1500 | ६२,०९१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २६ गते (11th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०५०/०७३/०७४
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com



बाढीले प्रभावित चीन–नेपाल सीमा क्षेत्रको ध्वस्त बन्दरगाह वरपर पहिरोले पुरिएको भग्नावशेषमा उद्धार कार्यमा खटिएका चिनियाँ उद्धारकर्मीहरू ।
*तस्बिरः सिन्ह्वा*

# चिनियाँ एजेन्ट बनेको आरोपमा पत्रकारलाई जेल सजाय

**वासिङ्टन–** चिनियाँ सरकारका लागि अमेरिकाभित्र गैरकानुनीरूपमा विदेशी एजेन्टका रूपमा काम गरेको अभियोगमा अमेरिकी पत्रकार थोमस वेयर पाउकेन द्वितीयलाई संघीय अदालतले दुई वर्ष जेल सजाय सुनाएको अमेरिकी न्याय मन्त्रालयले जनाएको छ ।

५१ वर्षीय पाउकेनले यस वर्षको सुरुआतमा अभियोग स्वीकार गरेका थिए । अदालतले उनलाई जेल सजायपछि ३६ महिना निगरानीमा राख्ने र सो अवधिमा विदेश यात्रा गर्न नपाउने आदेशसमेत दिएको छ । उनका वकिल चार्ल्स बर्नहचामका अनुसार पाउकेनले फैसलाविरुद्ध अपिल नगर्ने निर्णय गरेका छन् ।

वासिङ्टन र बेइजिङबीच तनाव बढिरहेका बेला चिनियाँ सरकारका लागि कानुनीरूपमा आवश्यक खुलासा नगरी काम गरेको आरोपमा भएको यो पछिल्लो अमेरिकी संघीय अभियोजन हो । राष्ट्रिय सुरक्षाका लागि सहायक महान्यायाधिवक्ता जोन ए आइसेनबर्गले पाउकेनले चिनियाँ राज्य सुरक्षा मन्त्रालय (एमएसएस) का लागि संवेदनशील सूचना संकलन, व्यक्ति भर्ती र अन्य गतिविधिमा सहयोग गरेको आरोप लगाए ।

पाउकेनले सन् २०१० मा चीन गएपछि सिसिटिभीसहित विभिन्न चिनियाँ सञ्चारमाध्यममा पत्रकारका रूपमा काम गरेका थिए । सन् २०२४ देखि उनी चिनियाँ सरकारी समाचार संस्था सिन्ह्वामा सम्पादकका रूपमा कार्यरत थिए ।


अदालतमा पेस गरिएको शपथपत्रअनुसार कम्तीमा सन् २०१९ देखि पक्राउ पर्नुअघिसम्म पाउकेनले 'क्याथी' नामले चिनिने एक व्यक्तिको निर्देशनमा काम गरेका थिए । न्याय मन्त्रालयका अनुसार उनले उक्त कामबापत कम्तीमा एक लाख अमेरिकी डलर प्राप्त गरेका थिए । उनलाई संवेदनशील सूचना उपलब्ध गराउन सक्ने व्यक्तिहरू भर्ती गर्नसमेत निर्देशन दिइएको थियो ।

पाउकेनले चिनियाँ पक्षलाई कुनै वर्गीकृत सूचना नदिएको उनका वकिलले बताएका छन् । पाउकेनले भने आफूमाथिको जिम्मेवारी स्वीकार गर्दै अदालतको सजाय सम्मान गरेका छन् । अमेरिकी अधिकारीहरूले उनलाई जनवरी २०२५ मा अमेरिका फर्कने क्रममा रोकेर सोधपुछ गरेका थिए । उनलाई गत फेब्रुअरीमा पक्राउ गरिएको थियो । टेक्सासका पाउकेनले चीनमा काम गर्दा 'टम म्याकग्रेगर' उपनामसमेत प्रयोग गरेका थिए । उनले अमेरिका–चीन सम्बन्ध र चीनको सेन्जेन सहरबारे दुई पुस्तक प्रकाशित गरेका छन् । *रासस⁄एपी*

# चुनावी मोर्चा सम्हाल्ने ट्रम्पको प्रतिबद्धता

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी मध्यावधि निर्वाचनमा कठिन अवस्थामा रहेका रिपब्लिकन उम्मेदवारका पक्षमा सक्रिय प्रचार गर्ने प्रतिबद्धता व्यक्त गर्दै पार्टीले ठूलो विजय हासिल गर्ने दाबी गरेका छन् ।

ह्वाइट हाउसमा बुधबार रिपब्लिकन सांसदहरूसँगको रात्रिभोजमा उनले कंग्रेसको नियन्त्रण निर्धारण गर्ने करिब ३५ प्रतिस्पर्धात्मक निर्वाचन क्षेत्रमा प्रचार गर्ने बताएका हुन् । निर्वाचनअघि करिब ३० दिन ती क्षेत्रमा केन्द्रित भएर अभियान सञ्चालन गर्ने उनले जानकारी दिए ।



ट्रम्पले अर्थतन्त्र, औषधिको मूल्य घटाउने प्रयास र सीमापार अवैध गतिविधिमा आएको कमीलाई आफ्नो प्रशासनका उपलब्धिका रूपमा प्रस्तुत गर्दै मतदातासमक्ष त्यसबारे प्रचार गर्न सांसदहरूलाई आग्रह गरे । उनले भने, 'हामीले गरेका कामबारे मतदातालाई बताउनुपर्छ, त्यसपछि हामी ठूलो जित हासिल गर्नेछौं ।'

आर्थिक अवस्था र इरानसँगको युद्धप्रति मतदाताको असन्तुष्टिका कारण रिपब्लिकन उम्मेदवार दबाबमा रहेका बेला ट्रम्पले हाउस अफ रिप्रेजेन्टेटिभ्स र सिनेटका महत्त्वपूर्ण निर्वाचनमा ध्यान केन्द्रित गर्ने बताए । उनले अलास्काका रिपब्लिकन सिनेटर डान सुलिभान र टेक्सासका रिपब्लिकन उम्मेदवार केन प्याक्सटनलाई विशेषरूपमा उल्लेख गरे ।

ट्रम्पले यस वर्षको प्राइमरीमा प्याक्सटनलाई समर्थन गरेका थिए । उनले प्याक्सटनको सार्वजनिक प्रस्तुतिको आलोचना गरे पनि देशकै उत्कृष्ट महान्यायाधिवक्तामध्ये एक भएको बताए । मध्यावधिमा सत्तारूढ दल कमजोर हुने परम्परा रहेको उल्लेख गर्दै ट्रम्पले यसपटक त्यसलाई परिवर्तन गर्ने दाबी गरे । 'तपाईं असल राष्ट्रपति होस् वा महान् राष्ट्रपति, मध्यावधिमा हार्नुहुन्छ,' उनले भने, 'तर हामी यसलाई परिवर्तन गर्न गइरहेका छौं ।'

कंग्रेसमा रिपब्लिकनको नियन्त्रण कायम राख्न आगामी निर्वाचन महत्त्वपूर्ण भएकाले ट्रम्पको सक्रिय चुनावी अभियानलाई अर्थपूर्णरूपमा हेरिएको छ । करिब ३५ प्रतिस्पर्धात्मक क्षेत्रमा रिपब्लिकनको प्रदर्शनले आगामी कंग्रेसको शक्ति सन्तुलन निर्धारण गर्ने छ । *रासस⁄एपी*

# संयुक्त राष्ट्रसंघद्वारा प्यालेस्टिनी क्षेत्रका नागरिकको सुरक्षाबारे चिन्ता व्यक्त

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघका मानवतावादीले प्यालेस्टिनी क्षेत्रमा नागरिकको सुरक्षा र कल्याणमा गहिरो चिन्ता व्यक्त गरेका छन् । संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ)ले सामाजिक सञ्जाल फेसबुकमा गाजामा पछिल्लो २४ घण्टामा तीन जना बालिकाको मृत्यु हुनुका साथै कम्तीमा पाँच जना बालबालिका घाइते भएको बताएको छ । युनिसेफले बालबालिकाको सुरक्षाका लागि विस्फोटक हतियार र अन्धाधुन्ध गोलीको प्रयोगबाट जोगिनुपर्ने बताएको छ ।

यसअघि मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसंघीय कार्यालय (ओसिएचए)ले मंगलबार गाजा सहरमा सशस्त्र झडपका क्रममा मानवीय साझेदारका लागि काम गर्ने तीन जना गार्ड घाइते भएको बताएको थियो । देइर अल–बलाहमा, दुईवटा राष्ट्रसंघीय अतिथि गृहको बाहिरी पर्खालमा प्रक्षेप्यले प्रहार गरेर क्षति पुर्‍याएको जनाइएको छ । ओसिएइचएले इजरायली वाटर ग्रिडमा निर्भर रहेका गाजाका करिब १० लाख मानिसलाई पानीको आपूर्तिमा कमी आएकोले प्रभावित भएको र अन्य स्रोतद्वारा वितरण गरिएको पानीले कटौती गरिएको पानीको आंशिक क्षतिपूर्तिमात्र गरेको जनाएको छ ।

वेस्ट ब्यांकमा ओसिएइचएले आफ्ना मानवीय साझेदार सुरक्षामा अटएको खिर बेटको सम्पूर्ण समुदायलाई इजरायली सेनाले ध्वस्त पारेको खबरबाट चिन्तित भएको बताएको छ । खिरबेट हेब्रोनको मासाफेर यट्टा क्षेत्रका १३ वटा समुदायमध्ये एक हो, जसमा एक हजारभन्दा बढी मानिस छन्, जो सबै वेस्ट ब्यांकको १८ प्रतिशतभित्र रहेका छन् । जसलाई इजरायली अधिकारीले 'फायरिङ जोन'को रूपमा घोषणा गरी सैन्य प्रशिक्षणका लागि प्रयोग गरिरहेका छन् ।

यी समुदायले इजाजतपत्र नभएको कारण सबै संरचनाविरुद्ध जारी गरिएको लामो समयदेखि विध्वंश आदेशको सामना गर्नुपरेको छ । यद्यपि इजरायली अधिकारीले प्यालेस्टिनीका लागि आवश्यक अनुमति भने जारी गरेका छैनन् । पछिल्लो दुई वर्षमा सोही क्षेत्रमा एक दर्जन बस्तीमा चौकी स्थापना गरिएको छ, भने यस क्षेत्रमा बसोबास गर्ने बाँकी प्यालेस्टिनीलाई पनि यो क्षेत्र छोड्न दबाब बढाएको छ । ओसिएइचएले यसका साझेदारले नयाँ विस्थापितलाई सहयोग गर्न प्रतिक्रिया प्रयास परिचालन गरिरहेको छ भने भूमि छोड्ने दबाबमा रहेका वेस्ट ब्यांक क्षेत्रका कमजोर समुदायको जीविकोपार्जनलाई पनि समर्थन गरिरहेका छन् । *रासस⁄सिन्ह्वा*

# हर्मुज तनावले व्यापारमा जोखिम




**तेहरान–** इरान र संयुक्त राज्य अमेरिकाबीच पुनः सैन्य तनाव चर्किएपछि मध्यपूर्वमा युद्ध थप विस्तार हुने र हर्मुज जलघाँटीमार्फत हुने विश्वव्यापी तेल तथा व्यापारिक आपूर्तिमा गम्भीर असर पर्ने जोखिम बढेको छ । अमेरिकाले इरानी लक्ष्यमा ठूलो आक्रमण गरेको जनाएको छ भने इरानले युद्ध, कूटनीति र आर्थिक नाकाबन्दीको सामना गर्न 'नयाँ रणनीति' अपनाउने चेतावनी दिएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार अमेरिकी सेनाले रातभर इरानी लक्ष्यमा 'धेरै भारी आक्रमण' गरेको र आवश्यक परे जुनसुकै बेला पुनः आक्रमण गर्न तयार रहेको बताए । उनले हर्मुज जलघाँटीको नाम परिवर्तन गरी 'ट्रम्प स्ट्रेट' राख्नुपर्ने सुझावसमेत दिए । उक्त जलमार्ग अहिले अमेरिकी नियन्त्रणमा रहेको उनको दाबी भए पनि पछि आफ्नो भनाइ गम्भीर नभएको संकेत गरेका थिए ।

इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव मोहसेन रेजाईले अमेरिका–इजरायलको आक्रमणपछि इरानले नयाँ रणनीति अपनाएको बताएका छन् । उनले युद्धभूमि, कूटनीति र आर्थिक नाकाबन्दीको सामना गर्दै अमेरिकी आधारलाई ध्वस्त पार्ने चेतावनी दिए । यसैबीच, अमेरिकी ऊर्जामन्त्री क्रिस राइटले इरानका आर्थिक साझेदारलाई लक्षित गरी प्रतिबन्ध विस्तार गर्ने योजना रहेको र त्यसबाट अधिकतम आर्थिक दबाब सिर्जना गरिने बताएका छन् ।

मंगलबार इरानमा अमेरिकी बमबारी भएपछि इरानले जोर्डन, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन तथा इराकको स्वायत्त कुर्दिस्तान क्षेत्रमा रहेका अमेरिकी सैन्य आधारलाई निशाना बनाएको छ ।

इरानी रेड क्रिसेन्टका अनुसार दक्षिणी इरानको सिरिकमा विवाह समारोह भइरहेको स्थानमा भएको अमेरिकी आक्रमणमा एक बालकसहित चार जनाको मृत्यु भएको छ भने ५० जनाभन्दा बढी घाइते भएका छन् । इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले घटनालाई युद्ध अपराधको संज्ञा दिँदै आक्रोश व्यक्त गरे । अमेरिकी सेनाले घटनाबारे प्रत्यक्ष प्रतिक्रिया नदिए पनि सेन्ट्रल कमाण्डका प्रवक्ता टिम हकिन्सले अमेरिकी सेनाले नागरिकलाई कहिल्यै निशाना नबनाउने बताए ।

पछिल्लो चरणको लडाइँ आइतबार अमेरिकी सेनाले इरानी लक्ष्यमा आक्रमण गरेपछि सुरु भएको हो । त्यसपछि इरानले क्षेत्रका अमेरिकी सैन्य संरचनालाई निशाना बनाएको छ । इरानी आक्रमणका क्रममा दुई तेल ट्याांकरमासमेत प्रहार भएको र तीमध्ये एउटामा दुई फिलिपिनो नाविकको मृत्यु भएको साउदी ढुवानी कम्पनीले जनाएको छ ।

राष्ट्रपति ट्रम्पले हर्मुजमा समुद्री खानी राख्ने इरानी प्रयास र जोर्डनस्थित अमेरिकी आधारमा भएको क्षेप्यास्त्र आक्रमणको जवाफमा अमेरिकी कारबाही गरिएको बताए । हर्मुज जलघाँटीबाट यसअघि विश्वको कूल तेल आपूर्तिको करिब पाँचौं भाग ओसारपसार हुने गरेकाले लामो अवरोधले विश्व ऊर्जा बजार र व्यापारमा थप दबाब पार्ने चिन्ता बढेको छ ।

इरान र अमेरिका–इजरायलबीचको युद्ध फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि सुरु भएको थियो । उक्त आक्रमणमा इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको मृत्यु भएको थियो । हर्मुजमा व्यापारिक जहाजमाथि भएका आक्रमणपछि नाजुक युद्धविराम भंग भएको थियो ।

यसैबीच, इजरायलका रक्षामन्त्री इजरायल काट्जले इरानले सेप्टेम्बरको मध्यदेखि सुरु हुने यहुदीहरूको उच्च धार्मिक पर्वका समयमा आक्रमण गरे इजरायलले 'ठूलो बलका साथ' जवाफ दिने चेतावनी दिएका छन् । पछिल्लो सैन्य टकरावले युद्धको दायरा विस्तार हुनुका साथै हर्मुज जलघाँटीमा व्यापारिक जहाजको आवागमन, विश्व तेल आपूर्ति र अन्तर्राष्ट्रिय बजारमा थप अस्थिरता निम्त्याउने चिन्ता बढाएको छ । *रासस⁄एएफपी*

# मुद्दा खारेज गर्न मदुरोको माग



**न्युयोर्क–** भेनेजुएलाका पूर्वराष्ट्रपति निकोलस मदुरो र उनकी पत्नी सिलिया फ्लोरेसले आफूमाथि लागेको लागुऔषध तस्करीसम्बन्धी अभियोग सार्वभौम प्रतिरक्षाका आधारमा खारेज गर्न अमेरिकी अदालतसमक्ष माग गरेका छन् ।

म्यानहट्टनस्थित संघीय अदालतमा बुधबार दायर निवेदनमा मदुरोका वकिलहरूले आरोप लगाइएको समयमा आफ्नै देशले राष्ट्रप्रमुखका रूपमा मान्यता दिएको विदेशी नेताविरुद्ध अमेरिकी अदालतमा आपराधिक मुद्दा चलाउन नमिल्ने तर्क गरेका छन् । उनीहरूले राष्ट्रप्रमुखलाई विदेशी राष्ट्रिय अदालतको आपराधिक कारबाहीबाट उन्मुक्ति प्राप्त हुने अन्तर्राष्ट्रिय कानुनी परम्परा रहेको जिकिर गरेका छन् ।

फ्लोरेसका वकिलहरूले पनि उनलाई सार्वभौम उन्मुक्ति प्राप्त हुने र यस्तो उन्मुक्ति भेनेजुएलाले मात्र त्याग्न सक्ने बताएका छन् । मदुरोका वकिलहरूले भने राष्ट्रप्रमुखका रूपमा प्राप्त उन्मुक्ति लागू नभए पनि पदमा रहँदा गरिएको कार्यका आधारमा प्राप्त हुने प्रतिरक्षा उनलाई लागू हुने दाबी गरेका छन् । मदुरोले आफूमाथिका आरोप अस्वीकार गरेका छन् ।

मदुरो र फ्लोरेसले आफूहरू दोषी नभएको बताउँदै आएका छन् । अमेरिकी अभियोजकहरूले भने मदुरोले भेनेजुएलाका लागुऔषध तस्करलाई सहयोग गर्दै हजारौं टन कोकेन अमेरिका पठाउने षडयन्त्र गरेको आरोप लगाएका छन् । अभियोग प्रमाणित भएमा उनीहरूलाई आजीवन कारावाससम्मको सजाय हुन सक्ने छ ।

अमेरिकी सेनाले जनवरीको सुरुआतमा काराकासस्थित निवासबाट मदुरो र फ्लोरेसलाई नियन्त्रणमा लिएर न्युयोर्क ल्याएको थियो । हाल दुवै ब्रुकलिनस्थित कारागारमा छन् । ट्रम्प प्रशासनले उक्त कारबाहीलाई कानुन कार्यान्वयनको अभियान भनेको छ भने मदुरोले आफ्नो गिरफ्तारीलाई अपहरण भन्दै आफूलाई युद्धबन्दीका रूपमा प्रस्तुत गरेका छन् ।

न्यायाधीश एल्विन के. हेलरस्टेनले अभियोग खारेज गर्ने मागमाथि नोभेम्बर १७ मा मौखिक बहसको मिति तोकेका छन् । मुद्दाको सुनुवाइ आगामी जुन १ मा हुने तय भएको छ । *रासस⁄एपी*

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/१२/०१ मा दर्ता भएको **प्रा.लि. नं. २१०८५४** को **भुमि ड्रिलिङ्ग कम्पनी प्रा. लि.** को मिति २०८३/०५/१८ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा–०९, फोन नं. ९८४११५३११४**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०१/०९ मा दर्ता भएको **प्रा.लि. नं. २१३५७४** को **जि. ओ. सी. ई. ग्राउण्डवाटर डेभलप्मेन्ट एण्ड ड्रिलिङ्ग कम्पनी प्रा. लि.** को मिति २०८३/०५/१८ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा–०९, फोन नं. ९८४११५३११४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०२/२७ मा दर्ता भएको यस **लक्ष्मी घर ब्वाईज होस्टल प्राइभेट लिमिटेड** (प्रा.लि.नं. २९२१३३) कम्पनी यस कार्यालयको मिति २०८३/०४/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कर्मचारी नरहेको सम्बन्धी सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Global Village Source Pvt. Ltd.** (इजाजत नम्बरः १४५१/०७४/७५) मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्नु/नगराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै निजहरूसँग सम्बन्धित कुनै पनि बैदेशिक रोजगार सम्बन्धी कारोबार वा लेनदेनबाट यस प्रा.लि. जिम्मेवार हुने छैन । यदि कसैको कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि.वा सम्बन्धित वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| क्र.सं. | नाम |
|---|---|
| १ | इन्द्र बहादुर पछाई |
| २ | युवराज गिरी (ना.प्र.प्र.नं.: ५३-०१-७१-०१२२९) |
| ३ | लक्ष्मी मगर (ना.प्र.प्र.नं.: २६३०३१/२४९) |
| ४ | अन्जना श्रेष्ठ |
| ५ | इन्दु नेपाल (ना.प्र.प्र.नं.: १०७०१०) |
| ६ | हरि बहादुर पाम्फु (ना.प्र.प्र.नं.: २८) |
| ७ | हरि बस्नेत (ना.प्र.प्र.नं.: २७९) |
| ८ | केशव खड्का |
| ९ | चेत बहादुर अधिकारी (ना.प्र.प्र.नं.: १०४६३) |
| १० | शर्मिला राना |

**ग्लोबल भिलेज सोर्स प्रा.लि.** (हेमराज ह्युमन रिर्सोस प्रा.लि.)
टोखा न.पा-११, काठमाडौं, टेलिफोन : ०१-४४२९७८४/४४३०२५४
इमेल : globalvillagesource@gmail.com, Website: www.globalvillagesource.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०४९०० | प्रति तोला – ० | प्रति तोला – ४७२५ |

## पोखरा–दुबई उडान प्रभावकारी बनाउन पहल

■ प्रभाव संवाददाता



**गण्डकी–** आगामी असोजदेखि सुरु हुने पोखरा-दुबई सिधा हवाई उडानलाई प्रभावकारी तथा दिगो बनाउन पोखरा महानगरपालिका र फ्लाई दुबईबीच सहकार्य प्रक्रिया अघि बढेको छ। पोखरा-दुबई उडान सेवाको प्रवर्द्धन र प्रचारप्रसारका लागि दुवै संस्थाका प्रतिनिधिबीच समझदारीपत्रमा हस्ताक्षर भएको महानगर प्रमुख धनराज आचार्यले जानकारी दिए।

पोखरा महानगरपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत मनोहर कडरिया र फ्लाई दुबईको नेपालस्थित जनरल सेल्स एजेन्टका तर्फबाट युनिभर्सल टुर्स एन्ड ट्राभल्स प्रालिका अध्यक्ष परासर प्रसाईंले उक्त समझदारीपत्रमा हस्ताक्षर गरेका छन्। महानगरपालिका र फ्लाई दुबईले प्रारम्भिक प्रवर्द्धन अभियानपछि पर्यटन प्रवर्द्धन, गन्तव्यस्थलको बजारीकरण, अन्तरराष्ट्रिय हवाई सम्पर्क विस्तारलगायत पारस्परिक हितका क्षेत्रमा सहकार्यलाई निरन्तरता दिने विषयमा समझदारी भएको उनले जानकारी दिए।

यस उडान पोखराको अन्तरराष्ट्रिय हवाई सम्पर्क विस्तारसँगै पर्यटन, व्यापार तथा आर्थिक गतिविधिमा थप योगदान पुग्ने अपेक्षा गरिएको छ। समझदारीअनुसार पोखरा महानगरपालिकाले उपलब्ध सार्वजनिक तथा प्रचारप्रसारका स्थानहरूमा १५ दिनसम्म निःशुल्क प्रचार स्थान उपलब्ध गराउने तथा महानगरपालिकाका आधिकारिक डिजिटल प्लेटफर्म, सामाजिक सञ्जाल र सञ्चार माध्यममार्फत पोखरा-दुबई उडानको प्रवर्द्धनमा सहयोग गर्नेछ।

फ्लाई दुबईले प्रचारप्रसारका सामग्रीको डिजाइन, उत्पादन, छपाइ, ढुवानी, जडान तथा हटाउने जिम्मेवारी लिएको छ। पोखरा-दुबई नियमित हवाई उडानले पोखरालाई विश्वका विभिन्न गन्तव्यसँग थप सहज रूपमा जोड्ने महानगर प्रमुख आचार्यको भनाइ छ। पोखरा अन्तरराष्ट्रिय विमानस्थललाई प्रभावकारी रूपमा सञ्चालन गर्दै अन्तरराष्ट्रिय गन्तव्यहरूसँग जोड्न महानगरले पहल सुरु गरिएको उनले बताए।

पोखरा-दुबई सिधा हवाई उडानलाई दिगो बनाउन पोखराका पर्यटन व्यवसायीले पनि चासो र अग्रसरता देखाएका छन्। हालै नेपालका लागि संयुक्त अरब इमिरेटन्स (युएई) का राजदूत अब्दुल्लाह सइद मुबारक जरवान अल शाम्सीसँग भेट गरी व्यवसायीहरूले पोखरा-दुबई नियमित उडानबारे छलफल गरेका थिए। पोखरा-दुबई उडानको निरन्तरता र दिगोपनाका विषयमा छलफल गरिएको थियो।

केही समयअघि फ्लाई दुबईका नेपाल प्रतिनिधि र पोखराका पर्यटन व्यवसायीबीच पनि पोखरामा सोही विषयमा छलफल भएको थियो। सो अवसरमा पोखरा-दुबई उडानलाई स्थायित्व दिन स्थानीयवासी र सरोकार भएका सबै पक्षको सहयोग महत्वपूर्ण हुनेमा जोड दिइएको थियो। यस उडानबाट गण्डकी प्रदेश र आसपासका नागरिकलाई सोझै लण्डन, न्युयोर्क, टोकियोजस्ता विश्वाका २५० भन्दा बढी गन्तव्यमा पुग्न सहज हुने जनाइएको छ।

रसुवा बाढी

## प्रभावितलाई कर छुटसहित पुनरुत्थान प्याकेज

■ प्रभाव संवाददाता

**काठमाडौं–** रसुवाको भोटेकोशीमा गएको बाढीबाट प्रभावित उद्योग, व्यापार, व्यावसायिक प्रतिष्ठान तथा आर्थिक गतिविधिको पुनरुत्थानका लागि नेपाल सरकारले कर छुट, भन्सार सहुलियत, कर्जा पुनःसंरचना तथा बिमा दावी भुक्तानीलगायत विशेष प्याकेज घोषणा गरेको छ।

मन्त्रिपरिषद्को बिहीबारको बैठकले अर्थ मन्त्रालयको प्रस्तावमा पहिलो चरणको प्याकेज स्वरूप बाढी प्रभावित व्यवसायी तथा उद्योगीलाई राहत, कर छुट, सहुलियत र वित्तीय सुविधा उपलब्ध गराउने निर्णय गरेको अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको सचिवालयले जनाएको छ। निर्णयअनुसार बाढीका कारण मर्मतसम्भार गर्न नसकिने गरी क्षतिग्रस्त वा बगाएका व्यावसायिक प्रयोजनका सवारी तथा ढुवानीका साधनको दर्ता खारेज गरी सोही प्रकृतिका साधन पुनः पैठारी गर्दा भन्सार बिन्दुमा लाग्ने सम्पूर्ण महसुल छुट दिइनेछ।

बाढीबाट पूर्णरूपमा नष्ट भएका प्लान्ट, मेसिनरी, यन्त्र तथा उपकरण पुनः पैठारी गर्दा नष्ट भएको परिमाणभन्दा बढी नहुने गरी पैठारी गरिएमा त्यसमा लाग्ने सम्पूर्ण भन्सार महसुल छुट दिइने व्यवस्था गरिएको छ। भन्सार महसुल बुझाइसकेको तर भदौ १० गतेको बाढीका कारण गन्तव्यमा नपुग्दै वस्तु नष्ट भएको अवस्थामा सोही प्रकृतिको वस्तु छ महिनाभित्र पुनः पैठारी गर्दा पहिले तिरेको महसुल बराबरको रकम समायोजन गर्न सकिनेछ।

बाढी प्रभावित करदाताले भदौ र असोजमा बुझाउनुपर्ने विवरण तथा कर आगामी कात्तिक २५ गतेसम्म बुझाउन सक्ने गरी म्याद थप गरिएको छ। बाढीबाट क्षति भएको व्यावसायिक सम्पत्तिमा तिरेको मूल्य अभिवृद्धि करको दाबी समायोजन प्रक्रिया सरल बनाइने तथा पूर्णरूपमा क्षति भएका व्यावसायिक सम्पत्तिको मूल्यलाई कर प्रयोजनका लागि एकमुष्ठ खर्च कट्टी गर्न सकिने व्यवस्था गरिने भएको छ।

> बाढीबाट पूर्णरूपमा नष्ट भएका प्लान्ट, मेसिनरी, यन्त्र तथा उपकरण पुनः पैठारी गर्दा नष्ट भएको परिमाणभन्दा बढी नहुने गरी पैठारी गरिएमा त्यसमा लाग्ने सम्पूर्ण भन्सार महसुल छुट दिइने व्यवस्था गरिएको छ।

आंशिक क्षति भएका ह्रासयोग्य सम्पत्तिको मर्मत तथा सुधार खर्चमा आर्थिक वर्ष २०८३/८४ को करयोग्य आय निर्धारण गर्दा आयकर ऐनमा रहेको खर्च कट्टीको सीमा नलाग्ने व्यवस्था गरिनेछ। बाढीबाट प्रत्यक्ष प्रभावित पूर्वानुमानित आय विवरण पेस गर्ने व्यक्तिलाई आय वर्ष २०८२/८३ को आयकर पूर्ण छुट दिइने निर्णयसमेत भएको छ।

बाढी प्रभावित व्यवसायीलाई कर्जा तथा व्याजमा सहुलियत दिइने भएको छ। रसुवा भन्सारबाट पैठारी भएका वस्तुको क्षति यकिन गरी ऋणीको अनुरोधमा व्यवसाय र वस्तुको प्रकृति, क्षति तथा बिमा दाबीका आधारमा कर्जा पुनरसंरचना वा पुनरतालिकीकरण तथा साँवा-व्याज भुक्तानीको म्याद सार्न सकिने व्यवस्था गरिनेछ।

बाढी प्रभावित ऋणीलाई बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जाको साँवा तथा ब्याज भुक्तानीका लागि एकपटक कर्जा पुनरसंरचना वा पुनरतालिकीकरण तथा भुक्तानी म्याद सार्ने सुविधा उपलब्ध गराइनेछ। बाढीबाट क्षतिग्रस्त व्यावसायिक सवारी, ढुवानीका साधन तथा यन्त्र उपकरण पुनः खरिद गर्न बैंकको आधारदरमा तोकिएको न्यूनतम प्रिमियम थप गरी कर्जा उपलब्ध गराउने र त्यस्तो कर्जाको ऋण-मूल्य अनुपात पुनरावलोकन गर्ने व्यवस्था गरिएको छ। बाढी प्रभावित सबै प्रकारका ऋणीलाई एक वर्षसम्म बैंकको आधारदरमा शून्य दशमलव पाँच प्रतिशत बिन्दुको प्रिमियम वा विद्यमान प्रिमियमदरमध्ये जुन कम हुन्छ, सोही व्याजदर लागू हुनेछ।

उद्योग वा व्यापार पुनरुत्थान तथा रोजगारीको सुरक्षा गर्न ऋणीको अनुरोधमा बैंकले सम्बन्धित तेस्रो पक्षको खातामा सोझै भुक्तानी हुने गरी थप कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था पनि मिलाइनेछ। बिमा दाबीलाई शीघ्र र प्रभावकारी बनाउन सरल प्रक्रियाबाट सर्भेयर खटाउने व्यवस्था गरिने भएको छ। प्रारम्भिक मूल्यांकन प्रतिवेदनका आधारमा बीमकले बीमितलाई बढीमा ५० प्रतिशतसम्म अग्रिम दाबी भुक्तानी उपलब्ध गराउनुपर्ने तथा पुनःबीमिकले समेत बीमकलाई बढीमा ५० प्रतिशतसम्म अग्रिम दाबी भुक्तानी उपलब्ध गराउने व्यवस्था मिलाइने जनाइएको छ।

बिमा दाबी भुक्तानीलाई सरल बनाउन वीमकले संक्षिप्त दाबी भुक्तानी कार्यविधि शीघ्र तर्जुमा गरी लागू गर्ने निर्णय भएको छ। बाढीबाट प्रत्यक्ष प्रभावित व्यवसाय तथा सम्पत्तिमा प्रदेश सरकार र स्थानीय तहलाई निश्चित अवधिका लागि सम्पत्ति कर, व्यवसाय कर, नक्सापास दस्तुर तथा अन्य स्थानीय शुल्कमा सहुलियत दिन अनुरोध गर्ने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ।

यसका साथै, आर्थिक वर्ष २०८३/८४ मा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत योगदान गर्ने रकमलाई सम्बन्धित निकायको संस्थागत सामाजिक उत्तरदायित्ववापतको खर्चका रूपमा मान्यता दिने गरी सम्बन्धित ऐन, नियम तथा निर्देशिका परिमार्जन गर्ने व्यवस्था मिलाइने भएको छ।

कर्पोरेट

## नेपाल निर्जीवन बीमा व्यवसायी संघद्वारा ३ करोड ४७ लाख सहयोग



**काठमाडौं (प्रस)–** नेपाल निर्जीवन बीमा व्यवसायी संघ तथा यसमा आवद्ध निर्जीवन बीमा कम्पनीहरूले भदौ १० मा आएको विनाशकारी बाढी प्रभावितका लागि प्रधानमन्त्री राहत कोषमा ३ करोड ४७ लाख रूपैयाँ सहयोग हस्तान्तरण गरेको छ।

संघका अध्यक्ष मनोहर दास मुलको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले कम्पनीहरूका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतहरूको उपस्थितिमा माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेका हुन्। यस संघका योगदान गर्ने यस संघ लगायतका कम्पनीहरूमा सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लि., सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लि., नेपाल इन्स्योरेन्स लि., नेको इन्स्योरेन्स लि., प्रभु इन्स्योरेन्स लि., युनाइटेड अजोड इन्स्योरेन्स लि., सानिमा जिआईसी इन्स्योरेन्स लि., हिमालयन एभरेष्ट इन्स्योरेन्स कं.लि. रहेका छन्।

साथै सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लि., हिमालयन एभरेष्ट इन्स्योरेन्स कं.लि. र युनाइटेड अजोड इन्स्योरेन्स लि. का कर्मचारीबाट गरिएको योगदान जम्मा रु. २६,२३,०१८/- समेत हस्तान्तरण गरिएको छ। साथै एनएलजी इन्स्योरेन्स लि., र आईजिआई प्रुडेन्सियल इन्स्योरेन्स लि., ले यसअघि नै सहयोग राशी हस्तान्तरण गरिसकेका छन् भने बांकी कम्पनीहरूले समेत योगदान गर्ने क्रममा रहेका छन्।

यस बिपत्तीमा परी क्षतिग्रस्त आयोजना, पूर्वाधार, संरचना तथा जनधनको विवरण प्राप्त भएपछि सोको दावी भुक्तानी गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी भुक्तानी गरिने प्रतिवद्धता समेत बैठकले गरेको छ।

संघले उक्त बिनासकारी बाढीको कारण हुन गएको अकल्पनीय जनधनको क्षतिप्रति यस नेपाल निर्जिवन बीमा व्यबसायी संघको बैठकले दुःख प्रकट गर्दै दिवंगतहरूको आत्काको चीरशान्तिको कामना र श्रद्धाञ्जली अर्पण गर्दै शोक प्रस्ताव पारित गरेको छ। सो बिपत्तीमा परी बेपत्ता भएका व्यक्तिहरूको सकुशल उद्धार हुने आशा प्रकट गर्दै उद्धार कार्यमा अहोरात्र खटिने नेपाल सरकार, सुरक्षा निकाय, नागरिक समाज तथा मित्रराष्ट्रका उद्धारकर्ताहरू प्रति हार्दिक आभार प्रकट गर्ने निर्णय गरेको छ। नागरिकहरूप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै यस संवेदनशील समयमा उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा अहोरात्र खटिएका सुरक्षाकर्मी, स्वयंसेवक, स्थानीय समुदाय तथा सम्बन्धित निकायहरूप्रति हार्दिक कृतज्ञता समेत व्यक्त गरेको छ।

## मारूती सिमेन्ट्सद्वारा प्रधानमन्त्री राहत कोषमा १ करोड ११ लाख रूपैयाँ सहयोग



**काठमाडौं (प्रस)–** मारुती सिमेन्ट्स लिमिटेडले भोटेकोशी बाढीबाट प्रभावितहरूका लागि प्रधानमन्त्री राहत कोषमा १ करोड ११ लाख रूपैयाँ सहयोग गरेको छ। उक्त सहयोग रकमको चेक मारुती सिमेन्ट्स लिमिटेडका सञ्चालकहरू नन्दकिशोर राठी, मनोज कुमार गोयल, शरद गोयल र कम्पनीका प्रमुख कार्यकारी अधिकृत आनन्द नेपालले माननीय अर्थमन्त्री डा.स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेका हुन्।

कम्पनीले विपद् तथा कठिन परिस्थितिमा प्रभावित नागरिकलाई राहत तथा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री राहत कोषमा उक्त रकम प्रदान गरेको जनाएको छ।

मारुती सिमेन्ट्स लिमिटेडले आगामी दिनमा पनि सामाजिक उत्तरदायित्वअन्तर्गत देश तथा समाजको हितमा आवश्यक सहयोग र योगदानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ। विपद्को समयमा पीडित तथा प्रभावित नागरिकसँग हातेमालो गर्नु हाम्रो सामाजिक दायित्व हो, कम्पनीले जनाएको छ।

मारुती सिमेन्ट्स लिमिटेडले विनाशकारी बाढीमा परी ज्यान गुमाएका

## सिटिजन्स बैंकद्वारा मुटुरोगबारे सचेतना वेबिनार

**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले आफ्ना कर्मचारीहरूको स्वास्थ्यप्रति प्रतिबद्धता जनाउँदै हृदय तथा रक्तनली सम्बन्धी रोगको रोकथाम सम्बन्धी सचेतना मूलक वेबिनार आयोजना गरेको छ। बैंकले मेदान्ता-द मेडिसिटी अस्पताल, गुडगाउँ, भारतसँगको सहकार्यमा आयोजना गरेको उक्त कार्यक्रमको उद्देश्य कर्मचारीहरूलाई हृदय तथा रक्तनली सम्बन्धी रोग, यसको रोकथाम तथा स्वस्थ जीवनशैली अपनाउनुको महत्वबारे सही र आवश्यक जानकारी दिएको हो। बैंक र मेदान्त द मेडिसिटी अस्पताल, गुडगांव भारतसँगको सहकार्यले यस कार्यक्रमलाई अझ प्रभावकारी र विश्वसनीय बनाएको विश्वास लिएको छ।




उक्त वेबिनार 'प्रिभेन्टिङ कार्डियोभास्कुलर डिजिज' विषयमा सम्पन्न कार्यक्रममा ३५ वर्ष वा सोभन्दा माथिका कर्मचारीहरूलाई लक्षित गरिएको थियो। सो सत्रमा मेदान्ता-द मेडिसिटी अस्पताल, भारतका कार्डियाक केयर अन्तर्गत क्लिनिकल एण्ड प्रिभेन्टिभ कार्डियोलोजीका भाइस चेयरम्यान डा. मनिष बन्सलले स्रोत व्यक्तिका रूपमा सहजीकरण गरेका थिए।

कार्यक्रमका क्रममा हृदय तथा रक्तनली सम्बन्धी रोगका प्रमुख जोखिम कारकहरू, रोगबाट बच्ने उपायहरू, समयमै स्वास्थ्य परीक्षणको आवश्यकता, दैनिक जीवनमा स्वस्थ बानी तथा जीवनशैली अपनाउने महत्वलगायतका विषयमा जानकारी प्रदान गरिएको थियो। साथै, नियमित शारीरिक व्यायाम, सन्तुलित आहार, तनाव व्यवस्थापन तथा स्वस्थ जीवनशैली मार्फत हृदय स्वास्थ्यलाई सुरक्षित राख्न सकिने विषयमा समेत सहभागीहरूलाई सचेत गराइएको थियो। उक्त सचेतना मूलक अनलाइन सत्रमा बैंकका ३५ वर्ष वा सोभन्दा माथिका कुल ४४६ जना कर्मचारीहरूले सक्रिय रूपमा सहभागिता जनाएका थिए। कर्मचारीहरूको स्वास्थ्य प्रति सचेतना अभिवृद्धि गर्दै दीर्घकालीन स्वास्थ्य सुरक्षामा योगदान पुऱ्याउने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रम प्रभावकारी तथा अन्तरक्रियात्मक रहेको थियो।

## डेभकोले ७७.७७ लाखमै साढे दुईतले आधुनिक घर बनाइदिने

**काठमाडौं (प्रस)–** डेभको इन्जिनियरिङ एन्ड बिल्डर्स प्रा.लि.ले कम बजेटमै आधुनिक तथा सुविधासम्पन्न घर निर्माण गरिदिने योजना सार्वजनिक गरेको छ। कम्पनीले ग्राहकसँग भएको साढे तीन आना (३.५ आना) जग्गामा साढे दुई तले (२.५ तले) आधुनिक घर सम्पूर्ण निर्माण सामग्रीसहित रू. ७७.७७ लाख बजेटमै बनाइदिने योजना अघि सारेको हो। निर्माण लागत बढिरहेको बेला गुणस्तरीय सामान प्रयोग गरेर घर बनाउने योजनामा रहेका परिवारलाई आर्थिक रूपमा सहज बनाउने उद्देश्यले उक्त योजना ल्याइएको कम्पनीले जनाएको छ।




कम्पनीका अनुसार प्रस्तावित घरमा भुईंतलामा १ बीएचके, पहिलो तलामा २ बीएचके र दोस्रो तलामा २ शयनकक्ष रहनेछन्। कम्पनीले उपलब्ध जग्गाको अधिकतम सदुपयोग गर्दै परिवारको आवश्यकता, सुविधा र आधुनिक जीवनशैलीलाई ध्यानमा राखेर घरको डिजाइन तथा संरचना तयार गर्ने बताएको छ। यस योजनाअन्तर्गत दशैंअघि घर निर्माणको एग्रिमेन्ट गर्ने ग्राहकलाई रु. ३ लाख रूपैयाँसम्मको मोड्युलर किचन निःशुल्क उपलब्ध गराइने कम्पनीले जनाएको छ। आधुनिक भान्सासहित पूर्ण फिनिसिङ भएको घर निर्माण गर्ने उद्देश्यले ग्राहकलक्षित विशेष दशैं अफर ल्याइएको हो। यो अफरले घर निर्माणको लागत व्यवस्थापनमा ग्राहकलाई थप सुविधा पुग्ने कम्पनीको विश्वास छ।

## बाइरोडको बाटो हुँदै भित्रियो २४ हजार ५०० ग्यास सिलिण्डर



**काठमाडौं (प्रस)–** पृथ्वी राजमार्गअन्तर्गत कृष्णभीरमा सडक भासिएपछि नेपाल आयल निगमको समन्वयमा बिहीबार विभिन्न कम्पनीका २४ हजार ५०० सिलिण्डर बाइरोडको बाटो हुँदै आज काठमाडौं उपत्यकामा ल्याइएको छ। राजमार्ग अवरुद्ध भएर ग्यासका बुलेट काठमाडौं र धादिङका बोटलिङ प्लान्टसम्म आउन नसकेपछि निगमले एलपी ग्यास उद्योगलाई तराईका उद्योगमा ग्यास सिलण्डर भरी त्रिभुवन राजपथ हुँदै काठमाडौं ल्याउने व्यवस्था मिलाएको थियो।

निगमका प्रवक्ता मनोजकुमार ठाकुरले शुक्रबारदेखि नियमित रूपमा सोही बाटो हुँदै थप परिमाणमा सिलिण्डर काठमाडौं उपत्यका ल्याइने जानकारी दिए। बाढी तथा पहिरोका कारण सडक अवरुद्ध भएपछि पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको आपूर्ति प्रभावित भएका जिल्लामा वैकल्पिक मार्ग र विशेष व्यवस्थामार्फत आपूर्ति निरन्तरता दिइएको निगमले स्पष्ट पारेको छ।

यही भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवनलगायत जिल्लामा ठूलो जनधनको क्षति भएपछि ती क्षेत्रमा पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको बिक्रीवितरण प्रभावित हुँदै आएको थियो। यस्तै, भदौ १४ गते त्रिशूली नदीले पृथ्वी राजमार्गको कृष्णभीर खण्डमा कटान गरेपछि पेट्रोलियम पदार्थ ढुवानीमा थप समस्या देखिएको थियो।

बाढी तथा पहिरो प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्यमा खटिएका हेलिकप्टरका लागि आवश्यक हवाई इन्धन नेपाली सेनाको समन्वयमा नुवाकोटस्थित नेपाली सेनाको ब्यारेकबाट रिफ्युलिङ सेवामार्फत उपलब्ध गराइएको छ। निगमले उक्त सेवा सञ्चालनका लागि हालसम्म एक लाख दुई हजार लिटरभन्दा बढी हवाई इन्धन उपलब्ध गराइसकेको जनाएको छ।

बाढीबाट प्रभावित क्षेत्रमा पेट्रोलियम आपूर्ति सहज बनाउन बागमती प्रदेश कार्यालयबाट प्रभावित क्षेत्रमा रहेका पेट्रोल पम्पलाई हालसम्म पेट्रोल एक लाख पाँच हजार लिटर र डिजेल दुई लाख २० हजार लिटर उपलब्ध गराइएको निगमले जनाएको छ। सार्वजनिक बिदाका दिनमा समेत पेट्रोल तथा डिजेलको बिक्री-वितरण निरन्तर हुनेछ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ